# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २८७ | काठमाडौं | मंगलबार, २९ माघ २०८१ | Prabhab National Daily | Tuesday, February 11, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# सत्तासाझेदार कांग्रेसकै नेताबाट अध्यादेशको विरोध



आजभन्दा दुई वर्ष पहिले अध्यादेश आउँदा, हुँदैन भनेको हो नि त कांग्रेसले । त्यो बेला गलत थियो भने आज पनि गलत हो भन्ने बिर्सिनु हुँदैन ।

■ **डा. शेखर कोइराला**
नेता, नेपाली कांग्रेस

हाम्रो पद्धति अध्यादेशबाट मात्रै शासन चलाउने होइन । दुई अधिवेशनको बीचमा अत्यावश्यक परेमात्रै अध्यादेश ल्याउने तर सामान्य अवस्थामा संसद्बाट नै कानुन बनाउनुपर्छ भन्ने हो ।

■ **एनपी साउद**
सांसद, नेपाली कांग्रेस

शेरबहादुरजीको कुनै विचार छैन, उहाँ केही पनि गर्नुहुन्न । उहाँ काम नै गर्नुहुन्न । उहाँ दिनभरि के गर्नुहुन्छ ? भगवान् जानुन् । उहाँले कांग्रेस हाँक्न सकिरहनुभएको छैन ।

■ **सुजाता कोइराला**
नेतृ, नेपाली कांग्रेस

■ **प्रभाव संवाददाता**

**काठमाडौं**- सत्तारुढ दल नेपाली कांग्रेसकै नेताहरूले सरकारले ल्याएको अध्यादेशको चर्को विरोध गरेका छन् । प्रतिपक्षीको विरोध र जनता समाजवादी पार्टी (जसपा) नेपालको आनाकानीपछि प्रतिनिधिसभामा अड्किएको अध्यादेशको कांग्रेस नेताहरूले विरोध गरेका हुन् ।

नेपाली कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइरालाले अरुबेला अध्यादेशको विरोध गर्ने कांग्रेस नै यो प्रक्रियामा संलग्न भएकोमा असन्तुष्टि पोखे । 'आजभन्दा दुई वर्ष पहिले अध्यादेश आउँदा, हुँदैन भनेको हो नि त कांग्रेसले । आज छ-छ वटा अध्यादेश ल्याउँदा सही भयो त त्यो ? भएन,' कोइरालाले भने, 'त्यो बेला गलत थियो भने आज पनि गलत हो भन्ने बिर्सिनु हुँदैन ।'

जिपी कोइराला फाउन्डेसनले भक्तपुरको कौशलटारमा सोमबार आयोजना गरेको कार्यक्रममा आफ्नो धारणा राख्दै कोइरालाले भूमिसम्बन्धी अध्यादेश पूर्णरूपमा गलत रहेको दाबी गरे । 'अध्यादेश भनेको सरकार चल्नै नसक्ने अवस्थामा भयो भनेमात्र ल्याउने हो । भूमिसम्बन्धी अध्यादेश जस्ताको तस्तै पास भयो भने तपाईंहरूले केही गर्न सक्नुहुन्न,' कोइरालाले भने ।

प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा गोकुल बाँस्कोटा सञ्चारमन्त्री रहेको बेला ल्याएको अध्यादेश अहिले जस्ताको तस्तै आउँदा पनि कांग्रेसले विरोध नगरेकोमा आफूलाई अचम्म लागेको शेखरको भनाइ थियो । 'ओलीजीको प्रधानमन्त्रीकालमा जुन अध्यादेश आएको थियो, क्यान्सिल भएको थियो गोकुलजीको पालामा, अहिले त्यही अध्यादेश आएको छ । त्यो बेला गलत भनेर फिर्ता, आज कसरी सही भयो त्यो ?,' उनले प्रश्न गरे ।

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले गत पुस २९ गते जारी गरेका छ अध्यादेश प्रतिनिधिसभामा पेस गरिसकिएको छ । चालु हिउँदे अधिवेशनको पहिलो दिन यही १८ माघमा सरकारले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश-२०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश-२०८१,

क्रमशः पृष्ठ २ मा

# 'गाउँको सिंहदरबार'मा मौलाउँदै भ्रष्टाचार

## भ्रष्टाचारको प्रवृत्ति र प्रकृति फेरिँदा चुनौती

- भ्रष्टाचारजन्यमध्ये ५२ प्रतिशत उजुरी स्थानीय तहको
- स्थानीय तहको शिक्षा र स्वास्थ्य क्षेत्र बढी भ्रष्टाचारको अखडा
- भ्रष्टाचार गर्ने प्रवृत्ति र प्रकृतिमा बद्लाव




हामीसँग स्थानीय सरकार ७५३ वटा छन् । जनतासँग प्रत्यक्ष सम्पर्कमा रहेर दैनिक सेवा प्रवाह गर्ने भएकाले पनि जनगुनासो उच्च पाइन्छ ।

● **नरहरि घिमिरे**
प्रवक्ता, अख्तियार दुरुपयोग अनुसन्धान आयोग

**भ्रष्टाचारसम्बन्धी अनुसन्धानलाई आधुनिकीकरण गर्दै लैजानुपर्नेमा जोड**
*(समाचार पृष्ठ ३ मा)*

■ **जेबी योञ्जन**

**काठमाडौं**- स्थानीय तह गठन भएकै गाउँगाउँमा सिंहदरबार पु्याउन हो । जनताको नजिकको सरकारको रूपमा रहेर सार्वजनिक सेवा प्रदान गर्न हो ।

तर, अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पछिल्ला वर्षहरूमा परेका उजुरीमध्ये आधाजसो भने स्थानीय तहकै छ । यसले गाउँगाउँमा सिंहदरबारमात्रै होइन भ्रष्टाचार पनि सँगै गएको देखिएको छ । आयोगका अनुसार स्थानीय तहको उजुरीमात्रै ५२ प्रतिशत छ, जुन १९ हजारको हाराहारी हो ।

अख्तियार प्रवक्ता नरहरि घिमिरे भने स्थानीय तहमा बढेको भ्रष्टाचारजन्य उजुरीलाई सामान्य रूपमा लिन्छन् । उनले प्रभावसँग भने, 'हामीसँग स्थानीय सरकार ७५३ वटा छन् । जनतासँग प्रत्यक्ष सम्पर्कमा रहेर दैनिक सेवा प्रवाह गर्ने भएकाले पनि जनगुनासो उच्च पाइन्छ ।'

आयोगले सोमबार ३४औं स्थापना दिवस मनायो । राष्ट्रपति, प्रधानमन्त्रीलगायत विशिष्ट व्यक्तिहरूले भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने बताए । तर, भ्रष्टाचार नियन्त्रण त के यसको प्रवृत्ति र प्रकृतिमा निरन्तर बद्लाव आएको देखिएको छ । सरकारी निकायहरूमा सफ्टवेयर खरिद, डिपीआर निर्माणजस्ता नयाँ विषयमा भ्रष्टाचार बढ्दो रहेको अख्तियारले जनाएको छ ।

विगतमा भौतिक पूर्वाधार र विकास निर्माणमा केन्द्रित रहेको भ्रष्टाचार अहिले सफ्टवेयर खरिद, डिपीआर निर्माण, विद्यालय खाजा कार्यक्रम र तालिम सञ्चालनजस्ता क्षेत्रमा बढी रहेको अख्तियार प्रमुख प्रेमकुमार राईले बताएका छन् । स्थानीय तहको पनि ५० प्रतिशत भ्रष्टाचार शिक्षा र स्वास्थ्य क्षेत्रसँग सम्बन्धित रहेको उनको भनाइ छ । उनले जता स्रोत बढ्छ, त्यता भ्रष्टाचार बढी हुने गरेको देखिएको बताए ।

प्राप्त उजुरीहरूमाथि अनुसन्धानको क्रममा केही वर्षयता स्थानीय तहमा बजेट निर्माणकै समयदेखि समस्या देखिन थालेको अख्तियारका अधिकारीहरू बताउँछन् । कयौं जनप्रतिनिध भ्रष्टाचारका मुद्दाका कारण निलम्बित भएका छन् । स्थानीय तहमा हुने धेरैजसो भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक दल र कार्यपालिकाको नेतृत्वको भूमिका महत्त्वपूर्ण हुने पनि स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा आयोगका प्रमुख राईले बताए ।

उनले कार्यक्रममा भने, 'सार्वजनिक सुनुवाइ, आन्तरिक नियन्त्रण प्रणाली, सामाजिक परीक्षणजस्ता नागरिक समाजोन्मुख आफ्नो कामको पारदर्शिता देखाउने उपायहरू हुन सक्छन् ।'

क्रमशः पृष्ठ ३ मा

# मन्त्रीस्तरीय समिति बनाउन गृहमन्त्रीले मानेनन्

## केबलकार खारेजीविरूद्ध थप आन्दोलनका कार्यक्रम घोषणा

■ **प्रभाव संवाददाता**

**मुक्कुम्लुङ केबलकार विवाद**

**काठमाडौं**- गृहमन्त्री रमेश लेखकले ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा)मा निर्माणाधीन केबलकार खारेजीको मागसहित आन्दोलनरत 'नो केबलकार' पक्षसँग वार्ता गर्न मन्त्रीस्तरीय समिति गठन नहुने बताएका छन् । उनले यसअघि गृह मन्त्रालयले गठन गरेको सहसचिव प्रेमप्रसाद भट्टराई नेतृत्वको वार्ता टोलीसँगै वार्तामा बसेर निकास निकाल्न आग्रह गरे । 'सहसचिव भट्टराईले संसारभरका १९० देशका प्रमुखहरूसँग संयुक्त राष्ट्रसंघमा वार्ता गर्नुभएको छ,' सोमबार गृह मन्त्रालयमा नो केबलकार पक्षका प्रतिनिधिहरूसँग भएको भेटवार्तामा

क्रमशः पृष्ठ ३ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## 'सबकुरा' कन्सटेन्सीको ठगीधन्दा

# युरोप पठाइदिने भन्दै करोडौं असुलेपछि सञ्चालक फरार

■ **ममता थापा**

**काठमाडौं**- सिन्धुपाल्चोकका राजकुमार जिसीले सन् २०२४ मार्चमा बानेश्वरमा रहेको 'सबकुरा प्रालि' नामक कन्सल्टेन्सीलाई लिथुआनिया जान भनेर ५० हजार रूपैयाँ दिए । लिथुआनिया जान जम्मा सात लाख रूपैयाँ लाग्छ भनिएको थियो । बीचमा त्यहाँको 'प्रोसेस' रद्द भयो, अब अर्को देशका लागि प्रक्रिया थाल्ने भनियो ।

बेरोजगारीले पीडित बनेका जिसी युरोप जान पाए केही हुन्थ्यो कि भन्ने आशमा थिए । जिसीले युरोप जाने भनेर आफ्ना भाइलाई पनि ल्याए । करिब एक वर्ष झुलाएपछि अहिले कन्सल्टेन्सी बन्द छ । 'मान्छे भेटेर पैसा पाए हुन्थ्यो, समय पनि गयो,' जिसी भन्छन् ।




कैलालीका छत्रपाल चौधरीले आफ्ना दुईजना बहिनीलाई स्लोभाकिया पठाउने भन्दै गत कात्तिक २८ गते एक लाख रूपैयाँ बुझाए । अनलाइन अन्तरवार्ताका लागि तयार गर्दै गर्नु भनेर कन्सल्टेन्सीले झुलाउँदै आयो । 'वेबसाइटहरू चेक गर्दा पनि ठीकै लागेको थियो । प्रोसेस किन ढिला भएको भनेर सोध्दा मेरो त नम्बर पनि ब्लक गरिदिएको छ,' चौधरीले सुनाए, 'त्यहाँ जाँदा यदि विश्वास लाग्दैन भने पैसा फिर्ता लानुस् भन्थे, त्यसो भनेपछि जसले पनि विश्वास गरिहाल्छ नि ।'

बानेश्वर बस्दै आएका राजु राईले पनि उक्त कन्सल्टेन्सीको विषयमा भाइबाट थाहा पाए । लक्जम्बर्ग पठाइदिने भनेपछि प्रक्रिया थाल्दै गर्न राईले पनि ५० हजार रूपैयाँ बुझाए । 'चार-पाँच वर्षअघि पठाएको पनि थियो रे, अब हाम्रै पालोमा यस्तो भयो । देश नै छोडेर त भागेको छैन होला,' राईलाई सञ्चालक भेटिएलान् भन्ने अलिअलि आशा छ । आफूहरूजस्तै ठगिने ३०० भन्दा बढी हुनसक्ने उनी बताउँछन् ।

क्रमशः पृष्ठ २ मा

### कन्सल्टेन्सीबाट हुने ठगी बढ्दो, आधा पनि पक्राउ पर्दैनन्

पछिल्लो समय कन्सल्टेन्सीबाट हुने ठगी बढेको विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त सुवेदी बताउँछन् । दिनमा ३० देखि ४० जना यस्ता ठगीसँग सम्बन्धितहरू पक्राउ पर्ने गरेको उनी बताउँछन् । त्यसरी पक्राउ गरिएकाहरूलाई ३० दिनसम्म हिरासतमा राखेर अनुसन्धान गरिने उनको भनाइ छ ।

'विभिन्न प्रक्रिया पूरा गरेर पीडक पक्राउ पर्न कम्तीमा पनि एक महिनाजति लाग्छ,' उनी भन्छन्, 'यदि ठूलो रकम ठगी गरेको छ भने 'रेड कर्नर नोटिस' जारी गरेर पक्राउ परेका उदाहरण पनि छन् ।' यद्यपि, उजुरी परेकामध्ये आधा पनि पक्राउ गर्न कठिन हुने उनी बताउँछन् ।




पृष्ठ १ बाट

## सत्तासाझेदार...

आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ बैठकमा पेस गरेको थियो । उक्त अध्यादेशको विरोधमा विपक्षी दल नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टीलगायत दलहरूले धारणा राख्दै आएका छन् । राष्ट्रियसभामा जसपा नेपालको समर्थनको पर्खाइका कारण अध्यादेश स्वीकृतिका लागि प्रतिनिधिसभाबाट अघि बढाइएको छैन । सत्तामा रहेको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका नेताहरूले भने पहिलोपटक सार्वजनिकरूपमा असन्तुष्टि पोखेका हुन् ।

अध्यादेश निरंकुशताको संकेत भएको उल्लेख गर्दै कांग्रेस नेता कोइरालाले आफूले यसबारे पार्टी सभापति शेरबहादुर देउवालाई धेरैपटक सचेत गराइसकेको दाबीसमेत गरे । 'दुई ठूला दल एक ठाउँमा उभिएपछि निरंकुशता हुनसक्छ भन्ने मान्यता विश्वमै छ । त्यो नै सबैभन्दा खतरनाक हो भन्ने लाग्छ । त्यो नहोस् भन्नका लागि मैले त सभापतिजीलाई धेरैपटक भनिसकें,' नेता कोइरालाले भने, 'सरकारमा नेपाली कांग्रेसका मन्त्रीहरू जो हुनुहुन्छ, उहाँहरू सहमतीय सहकार्य गर्ने हिसाबले जानुपर्छ ।'

कांग्रेस संस्थापन पक्षकै नेता एनपी साउदले पनि अध्यादेशको विरोध गरे । गृहमन्त्रीमा दाबी पेस गर्दै आएका देउवा पक्षका नेता साउदले हाम्रो शासनपद्धति अध्यादेशबाट सरकार चलाउने नभएको बताएका हुन् । 'हाम्रो मुख्य मान्यता दुई दलीय होइन, बहुदलीय हो । हाम्रो राष्ट्रपतीय होइन, संसदीय पद्धति हो । हाम्रो पद्धति अध्यादेशबाट मात्रै शासन चलाउने होइन,' उनले भने, 'दुई अधिवेशनको बीचमा अत्यावश्यक परेमात्रै अध्यादेश ल्याउने तर सामान्य अवस्थामा संसद्बाट नै कानुन बनाउनुपर्छ भन्ने हो ।'

## देउवाले काम गरेनन्, अबको प्रधानमन्त्री शेखर

कांग्रेस नेतृ सुजाता कोइरालाले पार्टी सभापति देउवाले केही गर्न नसकेको आरोप लगाउँदै अबको सभापति शेखर बन्ने दाबी गरेकी छन् । कार्यक्रमको आयोजकसमेत रहेकी उनले यसअघि संसद्को टिकट नपाउँदा शेखरको आलोचना गरेकी थिइन् । सोमबार भने सुजाताले शेखरको प्रशंसा गरेकी हुन् । 'आज यो देश कांग्रेसले होइन एमालेले हाँकिरहेको छ । नेपाली कांग्रेस स्याडोमा परेको छ । शेरबहादुरजीको कुनै विचार छैन, उहाँ केही पनि गर्नुहुन्न । उहाँ काम नै गर्नुहुन्न,' उनले भनिन्, 'उहाँ दिनभरि के गर्नुहुन्छ ? भगवान् जानुन् । उहाँले कांग्रेस हाँक्न सकिरहनुभएको छैन । त्यसैले मैले निर्णय गरें- अब हुने सभापति शेखर कोइराला हो ।'

मुलुकमा समस्याको चाङ देखिँदा पनि कांग्रेसले विकासमा हात हाल्न नसकेको सुजाताको दाबी रह्यो । 'प्रजातन्त्र बिग्रियो भने हाम्रो देश पनि बिग्रिन्छ । आज प्रजातन्त्र छैन यो मुलुकमा । जागिर खोजेर आज हजारौं युवा बाहिरिरहेका छन्,' नेतृ कोइरालाले भनिन्, 'आफ्नो मुलुकभित्र समस्या नै समस्या छ । न जागिर छ । न त रोजगारी । विकासका काम केही भएका छन् । तर हामीले पढ्दाखेरी ओलीजीले गरिरहेका छन् । नेपाली कांग्रेसले विकास निर्माणको काममा हात हालिरहेको छैन ।' कांग्रेसलाई यस्तो अवस्थामा पुऱ्याउने अरु कोही नभएर देउवा भएको उनको आरोप थियो । 'यो अवस्थामा नेपाली कांग्रेसलाई पुऱ्याउनेहरूलाई कुनै पनि हालतमा प्रधानमन्त्री बनाउनु हुँदैन । नेपाली कांग्रेसबाट कोही पनि प्रधानमन्त्री बन्छ भने शेखर कोइराला प्रधानमन्त्री बन्नुपर्छ,' कोइरालाले भनिन् ।

■■■

## युरोप पठाइदिने...

त्यस्तै अनु शाहीले पनि बहिनी र श्रीमान्लाई लक्जमबर्ग पठाउन 'सबकुरा प्रालि' लाई एक लाख रूपैयाँ बुझाइन् । तर, सञ्चालक भागेको खबर टिकटकबाट थाहा पाएपछि उनी समस्यामा छिन् । अर्को एक जना युवा घरमा आमाबुबाले थाहा पाए अर्को समस्या आइलाग्छ भन्दै समाचार नबनाइदिन आग्रह गर्दै थिए ।

सोमबार वैदेशिक रोजगार विभागमा भेटिएका कन्सल्टेन्सीपीडितहरूको समस्या हो यो । दुःखले जोहो गरेको पैसा डुब्दा उनीहरू हारगुहारका लागि रोजगार विभाग पुगेका हुन् । उनीहरूका अनुसार रोजगारीका लागि युरोप पठाइदिने भन्दै ३०० भन्दा बढीबाट पैसा लिएर 'सबकुरा प्रालि' नामक कन्सल्टेन्सीका सञ्चालक फरार भएका छन् । बानेश्वर रहेको उक्त कन्सल्टेन्सीका सञ्चालक केशव गौतमले प्रत्येकबाट ५० हजारदेखि एक लाख रूपैयाँसम्म उठाउन लगाएका थिए । रूपन्देहीको अमुवा-९ स्थायी घर भइ भैँसेपाटीमा बस्दै आएका गौतम भने पीडितलाई भेट्दैनथे ।

उक्त कन्सल्टेन्सीले युरोपका सबै देश पठाइदिने भन्दै पैसा लिएको पीडितहरू बताउँछन् । उनले कम्तीमा पनि डेढ करोड रूपैयाँ उठाएको पीडितहरूको अनुमान छ । काम हुन्छ भन्दै आएका गौतम र कन्सल्टेन्सीका कर्मचारी विगत केही दिनदेखि सम्पर्कविहीन भएपछि बल्ल युवाहरूले आफू ठगिएको थाहा पाए । सयौंलाई युरोप पठाउने आश देखाएर अन्ततः फरार भएपछि उनीहरू आक्रोशित भएका छन् । उनीहरूले सञ्चालककविरुद्ध विभागमा उजुरीका लागि प्रक्रिया थालेका छन् । सञ्चालकलाई खोज्न विभागमा लामो प्रक्रिया पूरा गर्दागर्दै पीडक भाग्ने पो हो कि भन्ने उनीहरूको चिन्ता छ ।


### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६/०६/०४ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **६६३९६** को **युवा रोजगार व्युरो प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/२५ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### माइग्रेसन हराएको सूचना

मिति २०८१/०८/१० गते लगनखेल देखि हरिसिद्धिसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।

**नाम** : **निसान चौलागाई**
**ठेगाना** : सुनापाती-१, रामेछाप
**रजिस्ट्रेसन नं.**: 793250700332
**सिम्बोल नं.**: 22510381
**सम्पर्क नं.**: 9840426864

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक २८३ माघ २५ गते २०८१ मा प्रकाशित **Muskan Overseas Pvt.ltd** को Lot No. 307880 को Mueen Human Resources Company कम्पनीको विज्ञापनमा Shelving Packing Workers पदको पुरुष कामदार संख्या ८ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: +977-01 - 4959026, 01-4963094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०५/१७ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **२९८०१९** को **म्याजिक बुक्स एण्ड स्टेशनरी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/२७ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०४/२१ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **१५३३६५** को **सोहन फुड प्रोडक्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/२५ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### लिलाम बिक्रीको सूचना
**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१०/२९**

यस सा व उ स वाट संकलित साल गोलिया काठ ११७५.८४क्यू फिट, चाँप गोलिया काठ ४५०.७४ कयु फिट र साल दाउरा २.५ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**मनकामना सा. वन उपभोक्ता समूह, देवघाट ३, तनहुँ**

### १५ दिने सार्वजनिक सूचना

जी. बर्दिया न.पा ठाकुरबाबा वडा नं. ५ रेशमको बुहारी दशैको पत्नी शान्ती थारु नीजका परिवारमा जग्गा धनि पुर्जा भए भुमिसुधार कार्यालय वा नजिकको प्रहरी कार्यालयमा जानकारी गरिदिनहुन अनुरोध गर्दछु ।

- **शान्ती थारु**/ janatakanunisewa@gmail.com

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७४/०७/२८ मा दर्ता भएको **प्रा.लि.नं. १७८१८७** को **होङ्फु इन्टरनेशनल कम्युनिकेशन प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि १ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७३/०९/०८ मा दर्ता भएको **प्रा.लि.नं. १६०६६४** को **सानु पोलिक्लिनिक प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि १ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### युएइमा रोजगार
कम्पनी : Bab Alwojhah Building Maintenance And Cleaning Services

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ LT. No. 318497 चलानी नं. ६०२३२७७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electricians (Bldg/Indust.) | 2 | 0 | 1300 | ४९,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 1 | 0 | 1000 | ३८,३५५ | | | | | | | |
| 3 | Mason For Tile / Marble | 2 | 0 | 1300 | ४९,८६५ | | | | | | | |
| 4 | Steal Fixer | 2 | 0 | 1300 | ४९,८६५ | | | | | | | |
| 5 | Welder (Electric & Gas) | 2 | 0 | 1300 | ४९,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ६ गते (18th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.१६१५/०७९/०८०
**Leaders International Recruitment Agency Pvt. Ltd**
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748, Email: leadersnepal1615@gmail.com

### कुवेतमा रोजगार
कम्पनी : TASTE WHEAT RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०४/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२८ LT. No. 307871 चलानी नं.६०२२२५७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 0 | 5 | 130 | ५९,३०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/Chef Assistant | 5 | 0 | 130 | ५९,३०६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ६ गते (18th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

सेवा शुल्क:१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337,
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

### साउदीमा रोजगार
कम्पनी : SAMA KHAWAKAB AL SHARQ TRADING EST

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ LT. No.318601 चलानी नं. ६०२३२७६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 5 | 0 | 1000 | ३७,५७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ६ गते (18th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504, 9851040203, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम इजाजत नं. ७८८/०६५/०६६

### युएइमा रोजगार
कम्पनी : TOP ONE BUILDING SECURITY

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ LT. No. 318531 चलानी नं. ६०२३२७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 2 | 1200 | ४६,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८१ फागुन ६ गते (18th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम इजाजत नं. ७७७/०६५/०६६

### कुवेतमा रोजगार
कम्पनी : ASWAQ REDMANGO CENTRAL GLOBAL HYPERMARKET CO.

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२८ LT. No. 311068 चलानी नं. ६०२३२७८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 1 | 110 | ५०,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nepali Light Driver | 2 | 0 | 150 | ६८,४३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ६ गते (18th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Index Recruitment Pvt. Ltd.**
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np
श्रम इजाजत नं. 1543/078/079

### साउदीमा रोजगार
कम्पनी : Bahr Al Rimal Company Limited is a one person company

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ LT. No. 318511 चलानी नं. ६०२३२७५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Excavator Operator | 1 | 0 | 2500 | ९३,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ६ गते (18th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JBR Associates Pvt. Ltd.**
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115, Mob No : 9801017866, 984126835, 9813775981, Pokhara: 9856027539, 985602884, E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com
श्रम इजाजत नं. ५१०/०६१/०६२


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंगलबार, २९ माघ, २०८१

| | |
|---|---|
| **मेष** | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| **वृष** | दिगो कामको जग बसाउन सकिने छ । |
| **मिथुन** | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| **कर्कट** | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| **सिंह** | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| **कन्या** | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| **तुला** | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| **वृश्चिक** | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| **धनु** | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| **मकर** | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| **कुम्भ** | सुखद् समाचारले उत्साह जगाउन छ । |
| **मीन** | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२९ माघ, २०८१ (११ फेब्रुअरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३९.५९ | १४०.१९ |
| युरो | १ को | १४४.१६ | १४४.७८ |
| पाउन्ड स्टर्लिङ | १ को | १७३.२४ | १७३.९८ |
| स्विस फ्रैन्क | १ को | १५३.४४ | १५४.१० |
| अस्ट्रेलियन डलर | १ को | ८७.५४ | ८७.९२ |
| क्यानाडियन डलर | १ को | ९७.६५ | ९८.०७ |
| सिङ्गापुर डलर | १ को | १०३.०३ | १०३.४७ |
| जापानी येन | १० को | ९.२२ | ९.२६ |
| चिनियाँ युआन | १ को | १९.१५ | १९.२३ |
| साउदी अरब रियाल | १ को | ३७.२२ | ३७.३८ |
| कतारी रियाल | १ को | ३८.२८ | ३८.४५ |
| थाई भाट | १ को | ४.१२ | ४.१४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.०० | ३८.१७ |
| मलेसियन रिङ्गेट | १ को | ३१.४४ | ३१.५७ |
| दक्षिण कोरियन वन | १०० को | ९.५९ | ९.६३ |
| स्विडिस क्रोनर | १ को | १२.७६ | १२.८१ |
| डेनिस क्रोनर | १ को | १९.३२ | १९.४१ |
| हङकङ डलर | १ को | १७.९२ | १७.९९ |
| कुवेती दिनार | १ को | ४५२.०५ | ४५४.०० |
| बहराइन दिनार | १ को | ३७०.२७ | ३७१.८६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# भ्रष्टाचारसम्बन्धी अनुसन्धानलाई आधुनिकीकरण गर्दै लैजानुपर्नेमा जोड



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले भ्रष्टाचारको प्रकृति र स्वरूपमा परिवर्तन भइरहेको अवस्थामा अनुसन्धान र अभियोजन प्रक्रियालाई पनि आधुनिकीकरण गर्दै लैजानुपर्नेमा जोड दिएका छन्। अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ३४औं स्थापना दिवसका अवसरमा सोमबार यहाँ आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उनले सूचना प्रविधिको तीव्र विकास र प्रयोगसँगै बदलिएका भ्रष्टाचारका तरिका र प्रवृत्तिलाई निस्तेज बनाउन आयोग सक्षम हुनुपर्ने बताए ।

राष्ट्रपति पौडेलले कसैको दबाब वा प्रभावमा नपरी कसूर र कसुरदार ठूलो वा सानो नभनी काम गर्न आयोग चुक्ने र झुक्ने छैन भन्नेमा आफू विश्वस्त रहेको बताए । भ्रष्टाचारसम्बन्धी विधेयक लामो समयसम्म किनारा नलाग्दा पनि केही समस्या आएको गुनासो आइरहेको उल्लेख गर्दै उनले भने, 'भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको नेपाल पनि पक्षधर मुलुक भएकाले त्यसमा उल्लिखित प्रावधानअनुरूप हाम्रा कानुन र संयन्त्र परिमार्जन गर्न आवश्यक छ ।'

राष्ट्रपति पौडेलले सुशासन, सामाजिक न्याय र समृद्धिको अवधारणालाई मूर्तरूप दिन सबै प्रकारका भ्रष्टाचारलाई छानबिनको दायरामा ल्याउनुपर्ने उल्लेख गर्दै आयोगले शक्ति र पद हुँदैमा जोकोही कानुनी जवाफदेहीताबाट मुक्त हुँदैन भन्ने विश्वास आमनागरिकमा जागृत गराउन सक्नुपर्ने बताए । उनले नागरिकको जीवनस्तरमा गुणात्मक सुधार गरी जनताको विकास र सुशासनप्रतिको उच्च आकांक्षालाई पूरा गर्दै देशको हित, कल्याण र अन्तर्राष्ट्रिय छविको लागि सदाचार, निष्पक्षता, पारदर्शीता एवं नीर्भिकतालाई मूल मन्त्र बनाएर काम गर्न पनि सुझाव दिए ।

आयोगको प्रमुख आयुक्त प्रेमकुमार राईले सुशासन प्रवर्द्धन गरी भ्रष्टाचार नियन्त्रण गर्न आयोगले विविध रणनीतिका साथ सकारात्मक पहलकदमी लिइएको जानकारी गराए। उनले सार्वजनिक सेवा प्रवाह र विकास निर्माणलाई अनुसन्धान कार्यले हतोत्साही नबनाओस् भन्नेतर्फ सचेत रहँदै अनुसन्धान पद्धतिमा निरन्तर सुधार गरिरहेको स्पष्ट पारे ।

प्रमुख आयुक्त राईले सूचना प्रविधिको उपयोग गरी सार्वजनिक सेवा प्रवाहलाई थप अनुमानयोग्य, सरल, सुलभ र व्यवस्थित बनाउने नेपाल सरकारको प्रयास भए पनि यातायात, मालपोत, नापी, राहदानी, वैदेशिक रोजगार, अध्यागमनलगायत संघीय कार्यालयको सेवा प्रवाह जनअपेक्षाअनुरूप प्रभावकारी हुन नसकेको बताए । 'प्रदेश र स्थानीय सरकारबाट प्रदान गरिने सेवा झन् जटिल र खर्चिलो हुन गई जनताले सहज र सरल सेवा प्राप्त गर्न नसकिरहेको अवस्था छ,' उनले भने, 'नागरिकलाई सरल र सहज सेवा दिनका लागि थप सुधारका उपाय अवलम्बन गर्न आवश्यक देखिएको छ ।'

प्रमुख आयुक्त राईले सार्वजनिक स्रोत र राज्य शक्तिको प्रयोग गर्ने पदाधिकारीमा सदाचार संस्कृतिको विकास गर्न सचेतना, प्रचारप्रसार र सहकार्यको रणनीतिसमेत आयोगले अवलम्बन गरेको बताए। सुशासन स्थापनाका लागि हरेक नागरिक परिवर्तनको संवाहक र सरकार नेतृत्वकर्ता हो भन्दै उनले नागरिक तहबाट आएको चासोलाई सम्बोधन गरी सशुासनको अवस्था सुधार गर्न सरकारको अगुवाइमा नै विशेष अभियान सञ्चालन गर्न आवश्यक रहेको बताए ।

समारोहमा राष्ट्रपति पौडेलले आयोगको स्मारिका-२०८१ लोकार्पण गरे। राष्ट्रपतिले आयोगका उपसचिव विष्णुराज बेल्वासे र प्रहरी नायब उपरीक्षक कमलकुमार खड्कालाई उत्कृष्ट अनुसन्धानकर्ता पुरस्कार र आयोगकी नापी अधिकृत रूविना शाहीलाई उत्कृष्ट अख्तियार सेवा पुरस्कार प्रदान गरे । उक्त पुरस्कारको राशि जनही ३५ हजार रूपैयाँ रहेको छ ।

# गुहाटीमा रातो मच्छिन्द्रनाथसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन

**पाटन (ललितपुर)–** रातो मच्छिन्द्रनाथसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन ललितपुर महानगरका प्रमुख चिरीबाबु महर्जनसहितको विज्ञ टोली सोमबार गुहाटी पुगेको छ ।

भारत आसामको गुहाटी विश्वविद्यालयले आयोजना गरेको अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन प्रमुख महर्जनसहित पर्यटन, संस्कृति समितिका संयोजक एवं वडा नं ५ का अध्यक्ष विकासमान श्रेष्ठ, वडा ६ का वडाध्यक्ष रूपेन्द्रराज शाक्य र वडा नं १९ का वडाध्यक्ष राजेन्द्र महर्जन, महानगरका अमूर्त सम्पदा सल्लाहकार वदनलाल न्याछ्यो, पर्यटन सल्लाहकार दिलेन्द्रराज श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत रेखादास श्रेष्ठ, रातो मच्छिन्द्रनाथ पानेजु संघका अध्यक्ष यज्ञरत्न शाक्य, ज्यापू समाज ललितपुरका अध्यक्ष सन्तमान महर्जन, ञवाल गुठीका गुठियार नवीन महर्जन, घःकु गुठीका गुठियार बुद्ध महर्जन, बाराही दः गुठीका नाइके दिलकुमार वाराही गुहाटी पुगेका हुन् ।

महानगरका प्रमुख महर्जनका अनुसार अन्तर्राष्ट्रिय सम्मेलनले आजभन्दा एक हजार ४०० वर्षअगाडि भारत आसामको कामाक्ष कामारूबाट काठमाडौं उपत्यका ल्याइएको रातो मच्छिन्द्रनाथको ऐतिहासिक पक्ष, धार्मिक एवं सांस्कृतिक महत्त्वका बारेमा थप बहस, छलफलका साथसाथै किंवदन्तीलाई बल पुग्ने खालका तथ्यहरूमा बल पुग्ने छ ।

'यसले रातो मच्छिन्द्रनाथका बारेमा थप जानकारी हासिल गर्दै दुई देशबीचको सांस्कृतिक सम्बन्धलाई घनिष्ट बनाउन भूमिका खेल्छ, सम्मेलनमा विज्ञहरूको सहभागितामा हुने छलफल फलदायी हुने छ, यसले हाम्रो महानगरको सांस्कृतिक र पर्यटन विकासका लागिसमेत नयाँ आयाम थप्ने आधार तयार पार्ने विश्वास छ,' उनले भने ।

पर्यटन संस्कृति समितिका संयोजक एवं वडा नं ५ का अध्यक्ष श्रेष्ठले यो सम्मेलनबाट वर्षा र सहकालका देवताका रूपमा पुजिँदै आएको रातो मच्छिन्द्रनाथका बारेमा थप तथ्यहरू प्राप्त भई ललितपुरमा मनाइने जात्रालाई थप प्रभावकारी बनाउन मद्दत पुग्ने बताए । 'रातो मच्छिन्द्रनाथसँग सम्बन्धित यो कार्यक्रममा उहाँहरू सहभागी हुँदा विषयलाई थप बुझ्ने अवसर पाउनुहुन्छ भन्ने हो,' उनले भने । *रासस*


**मेचीनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**इटाभट्टा, झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

**प्रथम पटक प्रकाशित मिति:२०८१/१०/२८**

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमकाको लागि २०८१/०६/२२ गतेको मितिमा **https://www.bolpatra.gov.np/egp** मा तपसिल बमोजिमका ठेक्का न को ई-बिड मार्फत दाखिला भएका बोलपत्रहरुको बोलपत्र मुल्यांकन समितिबाट मुल्यांकन भइ सिफारिस भएकोले सोहि बमोजिम हुने गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाता हरुलाई जानकारी गराउन सूचना प्रकासन गरीन्छ।

| क्र.स. | ठेक्का न | योजनाको नाम | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अङ्क (रू.) (मु. अ. कर. सहित) |
|---|---|---|---|---|
| 1 | 34/VehicleMechinagar/NCB/Mechi/2081/082 | Procurement for supply of Vehicle for Mechinagar Municipality | Laxmi InterContinental Pvt.Ltd. | ४४,९०,०००.०० |

**अग्नि प्रसाद अधिकारी**
**प्रमुख प्रशासकिय अधिकृत**



**मुक्तिनाथ कृषि कम्पनी लि.**
**MUKTINATH KRISHI COMPANY LTD.**
An Associate Company of Muktinath Bikas Bank

Basundhara Ringroad, Kathmandu Nepal
Tel: +977-1-4950097
Email: info@muktinathkrishi.com
Web: www.muktinathkrishi.com

## Unaudited Financial Results (Quarterly)
2nd Quarter of financial Year 2081/82

### Quarterly Statement of Financial Position
As at 29 Poush 2081 (13 Jan 2025)

*Amount in Rs*

| Particulars | MKCL | |
|---|---|---|
| | Upto this quarter (29th Poush, 2081) | Corresponding Previous Year Quarter (29th Poush, 2080) |
| **ASSETS** | | |
| **Non-Current Assets** | | |
| Property, Plant and Equipments | 154,258,760 | 71,264,687 |
| Biological Assets | 230,000 | 230,000 |
| Intangible Assets | 5,886,818 | 4,320,345 |
| Investment | 102,552,000 | 125,201,859 |
| **Total Non-Current Assets** | **262,927,578** | **201,016,891** |
| **Current Assets** | | |
| Inventories | 175,613,662 | 226,446,054 |
| Trade and Other Receivables | 638,440,960 | 363,644,434 |
| Income Tax Assets | 6,715,768 | 5,689,934 |
| Prepayments | 1,705,820 | 2,461,224 |
| Cash & Cash Equivalents | 41,121,218 | 29,167,374 |
| Deferred Tax Assets | 27,402,668 | 25,561,065 |
| **Total Current Assets** | **891,000,095** | **652,970,085** |
| **Total Assets** | **1,153,927,674** | **853,986,976** |
| **EQUITY AND LIABILITIES** | | |
| **Equity** | | |
| Equity Share Capital | 700,000,000 | 700,000,000 |
| Other Equity | (39,122,481) | (60,058,955) |
| **Total Equity** | **660,877,519.00** | **639,941,045** |
| **Liabilities** | | |
| **Non-Current Liabilities** | | |
| Deferred Tax Liabilities | | |
| **Total Non-Current Liabilities** | - | - |
| **Current Liabilities** | | |
| Trade and Other Financial Liabilities | 305,755,928 | 121,692,861 |
| Provisions | 5,212,082 | 4,804,962 |
| Short Term Loan | 182,082,145 | 87,548,108 |
| **Total Current Liabilities** | **493,050,155.23** | **214,045,931** |
| **Total Equity and Liabilities** | **1,153,927,674** | **853,986,976** |

### Quarterly Statement of Profit or Loss
As at 29 Poush 2081 (13 Jan 2025)

*Amount in Rs*

| Particulars | MKCL | |
|---|---|---|
| | Upto this quarter ( 29th Poush, 2081) | Corresponding Previous Year Quarter (29th Poush, 2080) |
| Revenue from Operations | 389,293,486 | 194,662,137 |
| Less: Cost of Goods Sold | 313,564,217 | 138,517,722 |
| **Gross Profit** | **75,729,269** | **56,144,415** |
| Other Income | 118,712 | 296,390 |
| **Total Income** | **75,847,981** | **56,440,805** |
| **Operating Expenses** | | |
| Personnel Expenses | 27,144,664 | 25,238,492 |
| Other Operating Expenses | 21,437,402 | 16,959,627 |
| Financial Expenses | 6,019,006 | 4,876,681 |
| Depreciation and Amortisation Expenses | 6,586,005 | 4,325,379 |
| **Total Operating Expenses** | **61,187,077** | **51,400,179** |
| Non Operating (Income)/Expenses | - | 120,580 |
| **Total Expenses** | **61,187,077** | **51,520,759** |
| **Profit before Income Tax** | **14,660,904** | **4,920,047** |
| **Tax Expenses** | | |
| Current Tax | - | - |
| Deferred Tax | - | - |
| **Total Tax Expenses** | - | - |
| **Profit for the Period** | **14,660,904** | **4,920,047** |
| Basic Earning Per Share (EPS)-Annualized | 4.19 | 1.41 |

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित अनुसुची १४ सँग सम्बन्धित)

**मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको आ.व. २०८१/०८२ को दोस्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन**

१. **वित्तीय विवरण:**
कम्पनीको हिसाव किताबको लेखाँकन अनुसार आर्थिक वर्ष २०८१/०८२ दोस्रो त्रैमाससम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण ।**
आर्थिक वर्ष २०८१/०८२ को कम्पनीको दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरण अनुसुची १ मा प्रस्तुत गरिएको छ । साथै, समिक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमति व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार भएको छैन ।

(ख) **न्यूनतम रुपमा प्रमुख वित्तीय अनुपातहरु जस्तैः प्रति शेयर आम्दानी,** P/E ratio**, प्रति शेयर नेटवर्थ, प्रति शेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरण ।**

| विवरण | चालू आर्थिक वर्षको दोश्रो त्रैमाससम्म (अपरिस्कृत) | तत्काल अघिल्लो वर्षको त्रैमासिक अन्त्यसम्म (लेखापरीक्षण भएको) |
|---|---|---|
| ऋण पुँजीको अनुपात | २६% | १३% |
| प्रति शेयर कमाई (वार्षिक) | ४.१९ | १.४१ |
| प्रति शेयर नेटवर्थ | ९७.०५ | ९१.४२ |
| प्रति शेयर बजार मूल्य (अन्तिम मूल्य) | १४९८ | १०९०.६० |
| मूल्य/आम्दानी अनुपात | ३५७.५२ | ७७३.४८ |
| सम्पतिमा प्रतिफल | १.२७% | ०.५८% |
| पुँजीमा प्रतिफल | २.२२% | ०.७७% |
| चालू अनुपात | १.८१ | ३.०५ |

२. **व्यवस्थापकीय विश्लेषण**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:**
कम्पनीले योजनावद्ध रुपमा कार्यान्वयन गरेको खरिद र विक्रि लक्ष तथा संस्थागत वितरणकर्ताहरुको छनोटको कारण, त्रैमासिक अवधिमा कम्पनीको मौज्दात अघिल्लो वर्षको सोही अवधिको तुलनामा घटेको छ भने आम्दानी स्वभाविक रुपमा वृद्धि भएको छ ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
कम्पनीले विस्तार गरेको व्यवसायिक संरचनाहरुको विकास र विस्तार, कर्मचारीहरुको क्षमता अभिवृद्धि, सरकारी तथा गैरसरकारी निकायहरुको प्राथमिकता र कम्पनीको वस्तु तथा सेवाहरुमा बढ्दै गइरहेको मागको कारण आगामी अवधिमा व्यवसायमा उल्लेख्य विस्तार हुने देखिन्छ ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण ।**
कम्पनीको समग्र व्यवसाय विस्तारको लागि सरकारी तथा गैरसरकारी सहुलियतका कार्यक्रमहरु र त्यसको कार्यान्वयन, बैंक तथा वित्तिय संस्थाहरुको कर्जा प्रवाह, बीमाका कार्यक्रमहरु र कृषि उपजको बजार अवस्था इत्यादीमा निर्भर रहने हुँदा यसले कम्पनीको मौज्दात, नाफा तथा नगद प्रवाहमा तात्विक असर गर्न सक्दछ, जसलाई सन्तुलनमा राख्न कम्पनीले विभिन्न व्यवसायिक रणनीतिहरु तथा वार्षिक कार्ययोजना अवलम्बन गरेको छ ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**

(क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए:**
- आ.व. २०८१/८२ को दोश्रो त्रैमासिकमा यस कम्पनीले कुनै पनि व्यक्ति वा संस्थाविरुद्ध कुनै पनि मुद्दा दायर गरेको छैन ।
- आ.व. २०८१/८२ को दोश्रो त्रैमासिकमा यस कम्पनी विरुद्ध कुनै पनि व्यक्ति वा संस्थाले मुद्दा दायर गरेको जानकारी प्राप्त भएको छैन ।

(ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए:**
- संस्थालाई यस बारेमा कुनै सुचना तथा जानकारी प्राप्त नभएको ।

(ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,**
- कम्पनीको शेयरधनि श्री चन्द्रा बराल भण्डारी (ना.प्र.प.नं. १६१४३०) लाई चेक अनादर मुद्दामा वादी श्री जनकराज काफ्लेले कास्कि जिल्ला अदालतमा मुद्दा दायर गरेको जानकारी प्राप्त भएको ।
- कम्पनीको शेयरधनि श्री सागर भण्डारीलाई लेनदेन मुद्दामा वादी श्री लक्ष्मण काफ्लेले कास्कि जिल्ला अदालतमा मुद्दा दायर गरेको जानकारी प्राप्त भएको ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**
यस कम्पनीको शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भई नेपाल धितोपत्र बोर्डको रेखदेखमा खुल्ला बजारले तय गरेको मूल्य बमोजिम कारोबार भइरहेको छ। सेयर बजारमा भइरहेको मूल्यको भएको घटबढ बमोजिम नै नियमित रुपमा कम्पनीको सेयर कारोबार भइरहेको कम्पनीको धारणा रहेको छ ।

(ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या ।**

| कारोबार मूल्य | | | कुल शेयरको कारोबार दिन र संख्या | | |
|---|---|---|---|---|---|
| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | जम्मा कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| १७३० | १४२५ | १४९८ | ५५ | ९२८६ | ४,१७,७०३ |

५. **समस्या तथा चुनौती:**

(क) **आन्तरीक समस्या तथा चुनौतीहरु:**
कम्पनीले आ.व. २०८१/८२ को दोश्रो त्रैमासिकमा सुचनात्मक प्रकृतिका आन्तरीक समस्या तथा चुनौतिहरुको सामना गर्नुपरेको छैन ।

(ख) **वाह्य समस्या तथा चुनौतीहरु:**
वित्तिय तथा समग्र बजारको वस्तुस्थिति र व्यवसायिक वातावरणको कारण उपलब्ध व्यवसायिक साझेदारहरुसंग भुक्तानी जोखिमभार बढ्दै गएको कारण योजना बमोजिम व्यवसाय वृद्धि गर्न चुनौती भोग्नुपरेको छ ।

(ग) **रणनीतिहरु:**
उल्लेखित समस्या तथा चुनौतीहरुलाई न्यूनिकरण गर्नको लागि देहायबमोजिमका रणनीतिहरुको विकास गरेको छ ।
अ. कृषि व्यवसाय परामर्श केन्द्रलाई प्रदेशस्तरमा विस्तार गर्दै सेवा व्यवसायको अभिवृद्धि गर्ने ।
आ. सहकारीमा आधारीत श्रोत केन्द्रहरुको समिक्षा, विस्तार र व्यवसायिक क्षमता अभिवृद्धि गर्ने ।
इ. नयाँ व्यवसाय (वस्तु तथा सेवाहरु) तथा व्यवसायिक साझेदारहरुको खोजि तथा साझेदारी गर्ने ।

६. **संस्थागत सुशासन:**
कम्पनीले संस्थागत सुशासन कायम गर्नको विभिन्न किसिमका नीतिनियम, निर्देशिका तथा कार्यविधिहरु निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गरेको छ। संचालक समितिको नियमित बैठक, संचालकहरुको नेतृत्वमा लेखा परीक्षण समिति सहित विभिन्न समितिहरु मार्फत आन्तरीक नियन्त्रण गर्ने अभ्यास अवलम्बन तथा योजना र मागमा आधारीत खर्च गर्ने प्रणालीको अवलम्बन गरेको छ। सवै किसिमका प्रकृयाहरुलाई पारदर्शी रुपमा अम्बलम्बन गर्दै आन्तरीक लेखापरीक्षण लगायतका कार्यहरु गरेको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।


पृष्ठ १ बाट क्रमशः

## 'गाउँको सिंहदरबार'...

स्थानीय तहका व्यवस्थापिकामा सभा तथा समितिले एकअर्कालाई शक्ति सन्तुलनमा राख्ने प्रणालीले काम गर्नुपर्ने विज्ञहरूको मत छ । यद्यपि, भ्रष्टाचार न्यूनीकरणको छाँट देखिएको छैन । कारण, चालु आर्थिक वर्ष २०८१/८२ को छ महिना नाघिसक्दा हालसम्म भ्रष्टाचारसँग जोडिएका उजुरीको संख्या १५ हजार नाघेको देखिएको छ । गत आर्थिक वर्षमा झन्डै २७ हजार वटा नयाँ र नौ हजार वटा पुराना उजुरी परेका आयोगको तथ्यांक छ। तीमध्ये उक्त वर्षमा तीन चौथाइ उजुरी फर्स्योट भएको आयोगले जनाएको छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले बर्सेनि सार्वजनिक गर्ने भ्रष्टाचारसम्बन्धी विश्वव्यापी सूचकांकमा कयौं वर्षदेखि नेपाल धेरै भ्रष्टाचार हुने मुलुकको रूपमा देखापर्ने सूचीमा छ । सन् २०२३ मा नेपाल १०८औं स्थानमा थियो । त्यसअघि सन् २०२२ मा ११०औं र सन् २०२१ मा ११७औं थियो। सन् २०२४ को भने आज सूचकांक सार्वजनिक गर्ने ट्रान्सपरेन्सी इन्टरनेसनलले जनाएको छ । उक्त निकायले १८० देशमा त्यहाँका जनताले भ्रष्टाचार कति व्याप्त रहेको ठान्छन् भन्ने जान्नका लागि १-१०० को स्केलमा जाँच्ने गर्छ। कम अंक हुनुलाई खराब अवस्था मानिन्छ। नेपालले गत वर्ष ३५ अंक प्राप्त गरेको थियो।

■■■

## मन्त्रीस्तरीय समिति...

गृहमन्त्री लेखकले भने, 'सोही वार्ता समितिसँग बसेर तपाईंहरूले समस्या समाधान गर्नुपर्‍यो । अर्को वार्ता समिति गठन हुँदैन ।' गृहमन्त्री लेखकसँग भेटवार्ताका लागि नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष गेल्जे लामा शेर्पा, आदिवासी अभियन्ता आङकाजी शेर्पालगायत गएका थिए। त्यसक्रममा गृहमन्त्री लेखक मन्त्रीस्तरीय वार्ता समिति गठनका लागि सकारात्मक नभएपछि आन्दोलनरत पक्ष असन्तुष्ट भएको छ ।

आफूहरूले कर्मचारीस्तरको सरकारी वार्ता टोली अस्वीकार गरेको अध्यक्ष शेर्पाले बताए । 'हामीले मन्त्रीस्तरीय वार्ता टोली गठनको माग गर्‍यौं । कर्मचारीस्तरको वार्ता टोलीले समस्यालाई सम्बोधन गर्न सक्दैन भन्ने कुरा राख्यौं, तर गृहमन्त्रीले अडान छोड्नुभएन,' उनले भने ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालको ग्लोबल आइएमई समूहले पाथीभरा देवी केबलकारी प्रालिको नाममा केबलकार निर्माण गर्न लागेपछि स्थानीय विरोधमा उत्रिएका हुन् । आदिवासी लिम्बूहरूको मुन्दुमीस्थल मुक्कुम्लुङमा स्थानीयको सहमतिविनै केबलकार निर्माण गर्न खोजिएपछि विवाद सिर्जना भएको हो । केबलकार खारेजीको माग गर्दै भएको प्रदर्शनमा प्रहरीले गोली चलाउँदा तीनजना गम्भीर घाइते भएका थिए । उनीहरूको काठमाडौंमा उपचार भइरहेको छ ।

सरकारले गृहका सहसचिव भट्टराईको संयोजकत्वमा गठन गरेको वार्ता समितिसँग यसअघि भएको वार्तामा छ बुँदे सहमति भएको थियो। उक्त सहमतिमा केबलकार निर्माणको काम र आन्दोलनरत पक्षका सबै कार्यक्रम तत्काललाई स्थगित गर्ने, पक्राउ परेकाहरूलाई विनासर्त रिहा गर्ने, घाइतेको सरकारले उपचार गर्नेलगायत थियो । तर, सहमतिविपरीत पक्राउ परेकालाई धरौटीमा छाडिएको र केबलकार निर्माणको काम जारी राखेको भन्दै आन्दोलनरत पक्षले उक्त वार्ता समितिसँग वार्तामा नबस्ने घोषणा गरेको थियो।

यहीबीच ताप्लेजुङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य योगेश भट्टराईको पहलमा सोमबार गृहमन्त्रीसँग आन्दोलनरत पक्षको भेटवार्ता भएको हो । दुवै पक्षले आ-आफ्नो अडान नछाडेपछि उक्त भेटवार्ता निष्कर्षविहीन बनेको वार्तामा सहभागीले बताएका छन् ।

### आन्दोलनका थप कार्यक्रम सार्वजनिक

यसैबीच नो केबलकार पक्षले सोमबार नै पत्रकार सम्मेलन गरी थप आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । घोषित कार्यक्रममा आजदेखि फागुन ९ गतेसम्म कोशीका सबै जिल्लामा रहेका ग्लोबल आइएमई बैंक बहिष्कार गर्ने, फागुन ६ देखि ८ गतेसम्म 'मुक्कुमलुङ बचाऔं पदयात्रा' गर्ने, केबलकार अनुमति तथा सम्झौता खारेजीका लागि फुङलिङ नगरपालिका कार्यालय घेराउ गर्ने, केबलकार निर्माण सामग्री ढुवानी नगर्न सम्बद्ध सबै पक्षलाई आग्रह गर्ने, काठमाडौं, इटहरी र विर्तामोडमा केबलकार विरोधसभा गर्नेलगायत छन्।

यसैगरी केबलकार खारेजीका लागि कोशी प्रदेशका सबै जिल्ला प्रशासन कार्यालयमार्फत संघ सरकारलाई विरोधपत्र पठाउने, प्रदर्शन गर्ने र विदेशस्थित दूतावासबाट विरोधपत्र पठाउने, अनिश्चितकालीन यातायात बन्द र आमहडतालसम्मका कार्यक्रम सार्वजनिक गरिएको छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# 'गोर्खाज्'को जायज माग सम्बोधन गर

**ब्रिटिस गोर्खा सैनिकहरू विभिन्न समयमा विविध कारण अन्यायमा पर्दै आएका छन् । सेवासुविधामा विभेद, असमानता र अन्याय सहँदै आएका गोर्खाहरूलाई अहिले अहिले नेपाल सरकारले पनि विभेद्पूर्ण व्यवहार गर्न थालेको छ । गैरआवासीय नागरिकको दर्जामा राखेर उनीहरूलाई सरकारले अन्यायमा धकेल्ने काम गर्न लागेको हो । नेपाल सरकार र बेलायत सरकारबीचको द्विपक्षीय सम्झौताकै कारण नेपालीहरू ब्रिटिस गोर्खा सैनिक बन्न पुगेका हुन् । देशको प्रतिष्ठा जोगाउँदै बेलायतमा फौजी बन्न पुगेका उनीहरू नेपालका सन्तति हुन् । आफू जन्मे हुर्केको र नामै गोर्खा भएकाले आफ्ना परिवारसँगै आजीवन नेपाली नागरिक नै भएर रहन पाउनुपर्ने माग उनीहरूको छ ।**

**तर पछिल्लो समय गैरआवासीय नागरिकताको नाममा नेपाली नागरिकता त्याग गर्नुपर्ने प्रावधान लागू गरिनू विभेदपूर्ण देखिन्छ । गैरआवासीय नागरिकता अहिले विवादमासमेत तानिएको छ । यो नागरिकता लिएपछि अनेकन झण्झट बेहोर्नुपर्ने देखिएकाले जसले यस विषयमा मुद्दा उठाए तिनै अभियन्ताहरूलेसमेत यसको प्रयोग गरिरहेका छन् । यो नागरिकता लिएसँगै नेपालमा भएका जायजेथा बेचेर विदेसिन बाध्य हुनेहरूको कथा बेग्लै छ ।**

**मातृभूमिप्रतिको माया हरेकलाई हुन्छ । अझ देशको नाम लिएर विदेशी सेनामा सेवा गर्नु गौरवको विषय हो । गोर्खा सेनाको विदेशमा मात्र हैन नेपालमा बेग्लै सान छ । त्यसैले पनि यो त्यागको कदर गर्दै उनीहरूले चाहेअनुरूप आजीवन नेपाली नागरिकता दिनु राज्यको दायित्व होइन र ? गोर्खा सैनिक भर्तीको इतिहास २१० वर्ष पुगेको छ । सन् १९४७ मा भएको नेपाल, भारत र बेलायतबीच त्रिपक्षीय सुगौली सन्धिका आधारमा बेलायतले हरेक वर्ष सेनामा नेपाली युवालाई भर्ती गर्दै आएको छ । यहीअन्तर्गत सन् १९८५ मा एकैपटक ४८२ जना गोर्खाज्हरू भर्ती भएका थिए ।**

**ब्रिटिस सरकारले सन् २००४ देखि गोर्खा सैनिक र तिनका परिवारलाई आवासीय सुविधा दिँदै आएको छ । नेपालमा एक त रोजगारीको क्षेत्र खुम्चिँदो छ । यस्तो अवस्थामा गोर्खा सैनिकजस्तो गरिमामय संस्थामा सेवा गरेकाहरूलाई नेपाल नै फर्काउनका लागि पनि उनीहरूको जायज मागलाई सम्बोधन गर्नुपर्छ । गैरआवासीय नागरिक बनाएर उनीहरूलाई निरुत्साहित बनाउनु ठीक हुन्न । उनीहरूबाट लगानी, सीप भित्र्याउनेमात्र हैन सेवानिवृत्त जीवन पनि देशमै बिताउन पाउने सुनिश्चित गर्न सरकारले कञ्जुस्याइँ गर्नु हुन्न ।**

# सामाजिक सञ्जाल : प्रयोग र प्रभाव



■ शुक्रऋषि चौलागाईं

सामाजिक सञ्जालको अति प्रयोग, गलत प्रयोग र असावधानीपूर्ण प्रयोगबाट बच्न उपाय जान्न जरुरी छ । कुनै पनि न्यायिक अभियानका लागि सामाजिक सञ्जाल एउटा औजार हो, तर यसको सही प्रयोग गर्न जानिएन भने घातक पनि हुन सक्छ । के उद्देश्यका लागि सामाजिक सञ्जालमा खाता खोलेको पहिल्यै स्पष्ट हुनुपर्छ । कुनै पनि नपत्याउने खालका घटना भएका सामग्री इन्टरनेटमा देख्ने, पढ्ने बित्तिकै तुरुन्तै विश्वास गरिहाल्न हुँदैन ।

सामान्यतया इन्टरनेट प्रविधिको माध्यमद्वारा आफ्ना विचार वा सिर्जनशीलता आदानप्रदान गर्न प्रयोग गरिने माध्यमलाई सामाजिक सञ्जाल भनिन्छ । यो सूचना दिने अनलाइन प्रविधिको एकमुष्ट सामूहिक रूप पनि हो । सामाजिक सञ्जाल अन्तरक्रियात्मक कम्प्युटर-मध्यस्थता प्रविधि हो । कम्प्युटर वा मोबाइलमा इन्टरनेट प्रविधिमार्फत आफूले प्राप्त गरेका वा आफूले सिर्जना गरेका विचार, डिजिटल फोटो वा भिडियोहरू आदानप्रदान गर्न प्रयोग गरिने माध्यम हो । सामाजिक सञ्जाल एउटा यस्तो महत्त्वपूर्ण इन्टरनेट माध्यम हो । मिनेट सेकेन्डमै संसारमा कहाँ के भइरहेको छ, सबै घटना खबर थाहा पाउन सकिन्छ । यसकारण यसको सहज पहुँचका साथसाथै प्रयोग र प्रभावको दायरा पनि फराकिलो बन्दै गएको छ ।

पछिल्लो समय सामाजिक सञ्जालको प्रयोग र प्रभावका सन्दर्भमा पनि विभिन्न टीकाटिप्पणी, बहसहरू अनेकन कोण भइरहेको पाइन्छ । यसको दिन प्रतिदिनको विकास, स्वरूप र प्रयोगले समाजको विविध आयाम र पक्षहरूमा सकारात्मक तथा नकारात्मक अवधारणाहरू सार्वजनिक भइरहेका छन् । सामाजिक सञ्जालको सदुपयोगसँगै दुरूपयोग पनि बढ्दो छ । यसले सामाजिक जीवनलाई नराम्ररी तरंगित पारेको छ । सामाजिक सञ्जाल के हो, के होइन, यसका फाइदा/बेफाइदा, सही प्रयोगलगायत विषयमा यहाँ उल्लेख गर्न खोजिएको छ ।

हात-हातमा मोबाइल र इन्टरनेटको सहज उपलब्धताले सामाजिक सञ्जालको प्रयोग पनि व्यापक छ । एक तथ्यांकअनुसार विश्वभर चार अरब ४८ करोड मानिसले सामाजिक सञ्जाल प्रयोग गरिरहेका छन् । यसको अर्थ विश्वको आधा व्यक्तिहरू सामाजिक सञ्जालमा भेटिन्छन् । ४.६६ अरबभन्दा बढी 'इन्टरनेट प्रयोगकर्ताहरू भएको गुगलले देखाउँछ । जसमध्ये गुगल, फेसबुक, युटचुब, ह्वाट्सएप, इन्स्टाग्राम, टिकटक र ट्विटर प्रयोगकर्ता रहेका छन् ।

सञ्जालहरूमार्फत जानकारी, विचार, रुचि र अभिव्यक्तिहरू सिर्जना वा साझेदारी गर्ने सुविधा प्रदान गर्न मध्यस्थकर्ताको भूमिकामा सामाजिक सञ्जालहरूको उदय भएको हो । तर पछिल्लो चरण सामाजिक सञ्जाल असामाजिक बन्दै गएको छ । सामाजिक सञ्जाल भ्रम फैलाउने, व्यक्तिको समय र सिर्जना खोसिदिने र सूचनामाथि जासुसी गर्ने मतियार र हतियार बनेको छ । प्रयोगकर्ताहरू पनि आफ्नो अनुकूलका कुरा सुन्ने, हेर्ने तर फरक विचारलाई निषेध गर्ने भइरहेका छन् । सामाजिक सञ्जाल प्रतिक्रियात्मक र असंगठित हुन्छ यसले नीतिगत तहमा दबाब पनि दिइरहेको हुन्छ तर प्रत्यक्ष न्याय दिन भने सकिरहेको हुँदैन । डिजिटल युगमा सूचनाको विश्वसनीयता र सत्यताबारे पनि बहस भइरहेको छ । सञ्जालमा उल्लिखित भनाइ, तथ्यांक, स्रोत, तस्बिर आदि ठीक छन् वा छैनन् भनी परख गर्ने पाठक, दर्शक वा श्रोताको क्षमता पनि कमजोर छ । फेसबुक अहिले विश्वमै सबैभन्दा लोकप्रिय छ तथापि त्यो पनि हेरिनसक्नु हुन्छ ।

### सामाजिक सञ्जालका फाइदा र बेफाइदा

सामाजिक सञ्जालका विभिन्न स्वरूप छन् । कुन प्लेटफर्म प्रयोग गर्ने ? आफ्नो योग्यता/दक्षता, पेसा/व्यवसाय के हो ? के गर्न चाहिरहनुभएको छ । त्यसकै आधारमा सामाजिक सञ्जाल प्रयोग गरिनुपर्छ । सामाजिक सञ्जालका केही मूलभूत अवसर र फाइदाहरू भने समान छन् । सामाजिक सञ्जालबाट मुख्यतयाः सूचना आदानप्रदान छिटोछरितो गर्न सकिने, आफ्ना विचार भावना राख्न सजिलो हुने, घरमै बसेर स्वदेश तथा विदेशमा प्रत्यक्ष सम्पर्क गर्न सकिने, महत्त्वपूर्ण कागजात, फोटो एवं भिडियो तुरुन्तै आदानप्रदान गर्न सकिने, कुनै घटना वा खास विषयवस्तुको प्रत्यक्ष प्रसारण गर्न सकिने, घरमै बसेर खरिदबिक्री गर्न सकिने, अध्ययन अनुसन्धान एवं लेखन कार्यमा सघाउ पुग्ने सामग्री हेर्न र पाउन सकिने हुन्छ । इन्टरनेट र सामाजिक सञ्जालको सदुपयोग गर्न सके विश्वबजारमा सजिलै बिक्न सकिन्छ तर त्यो ज्ञान प्रयोगकर्तामा हुनुपर्छ । सामाजिक सञ्जालका माध्यमबाट व्यापार व्यवसायलाई प्रवर्द्धन गर्न पनि सकिन्छ । कतिपय अवस्थामा व्यक्तिभित्र रहेको प्रतिभा प्रस्फुटन गराउन पनि यसले मद्दत गरेको छ । व्यक्ति, परिवार, समुदाय, कार्यालयले आफ्नो आवश्यकता र कामका आधारमा सामाजिक सञ्जालको प्रयोग गर्न सक्छन् ।

सामाजिक सञ्जाल आफैंमा सही र गलत हुने होइन । हामीले कुन सोचबाट कसरी प्रयोग गर्ने त्यसमै निर्भर रहन्छ । सकारात्मक हिसाबले सोच्ने हो भने सामाजिक सञ्जाल गलत होइन तर दुरूपयोग गर्ने हो भने यसका बेफाइदा पनि भरमार छन् । सामाजिक सञ्जालमा अनावश्यक समय खर्च गर्ने, अरूप्रति नकारात्मक टिकाटिप्पणी गर्ने, हानि-नोक्सानी गर्ने विषयवस्तु बढी सेयर गर्ने, अश्लील भिडियो तथा फोटो खिचेर अपलोड गर्ने, सेयर गर्ने, नचिनेको व्यक्तिलाई जिस्क्याउने, अर्काको फोटो तथा भिडियोको दुरूपयोग गर्ने, अध्ययन अनुसन्धानको साधनभन्दा मनोरञ्जनको साधनका रूपमा प्रयोग गर्ने, गलत सूचना र समाचार सम्प्रेषण गर्ने गरिएको पाइन्छ । मिथ्या सूचना र भ्रामक समाचार अफवाह फैलाउने माध्यमका रूपमा सामाजिक सञ्जाललाई प्रयोग गर्ने गरिएको छ । नियोजित तरिकाले कसैलाई आक्षेप लगाउने, अनावश्यक भिडियो पोस्ट गर्ने, अनावश्यक व्यक्तिहरूलाई भाइरल गराएर समाजमा नकारात्मक भ्रम पैदा गर्ने, मर्यादामा आँच आउनेजस्ता सामग्री पोस्ट गरेर, टिप्पणी गरेर पनि व्यक्ति तथा संस्थाको इज्जतमा दाग लगाउने प्रवृत्ति बढिरहेको छ । साइबर सुरक्षाको खतरा पनि उत्तिकै रहन्छ । कतिपय घटना सामाजिक सञ्जालमा आनावश्यक फैलिएका र फैलाइएका कारणले पनि थप घटनाहरू पुनरावृत्ति भइरहेका छन । नकारात्मक तथा घृणा हाबी भइरहेको छ ।

सामाजिक सञ्जाललाई सदुपयोग गर्ने वातावरण सिर्जना गर्नुपर्ने आवश्यकता छ । सामाजिक सञ्जालमार्फत हुने अराजकता, गैरकानुनी गतिविधिलाई कानुनी र नीतिगतरूपमै नियमन गर्न जरुरी छ । दुरूपयोग रोक्ने नाममा सरकारले पनि मनोमानी गर्न पाइँदैन । सामाजिक सञ्जालको प्रयोगमा सुधार गर्ने र दुरूपयोग रोक्नतर्फ सरोकारवालाको परामर्शमा साझा पहल थाल्नुपर्छ । स्कुले तहको पाठ्यक्रममै सामाजिक सञ्जाल के हो ? यसका फाइदा, बेफाइदा र दुरूपयोग भए के कारबाही गर्ने भन्ने विषय पनि पाठ्यक्रममा समेट्नु उचित हुन्छ । सरकारले हालै संसद्मा प्रस्तुत गरेको सामाजिक सञ्जालसम्बन्धी विधेयकका अधिकांश प्रावधानले सामाजिक सञ्जाललाई मर्यादित र व्यवस्थित गराउन खोजेको देखिन्छ ।

### कसरी गर्ने सही प्रयोग ?

बेलायतमा गरिएको एक अध्ययनले सामाजिक सञ्जालको लत लागुऔषधको भन्दा पनि खतरनाक रहेको देखाएको छ । यसको प्रयोगले हाम्रो दैनिक व्यवहार र आचरणमा परिवर्तन ल्याइरहेको छ । हातमा स्मार्टफोन बोक्ने सामान्य नागरिकले हरेक १२ मिनेटको अवधिमा एकपटक सञ्जाललाई 'रिफ्रेस' गर्ने गरेका छन् । अध्ययनअनुसार यसको लतमा फसेकाले त हरेक दुई/तीन मिनेटको अवधिमा सामाजिक सञ्जाल चलाइरहेका हुन्छन् । धेरैजसो भ्रामक सूचना सामाजिक सञ्जालबाट नै फैलिइरहेको छ । नेपालमा गरिएको एक अध्ययनले सामाजिक सञ्जाल मिथ्या सूचना फैलाउने सशक्त माध्यम भएको देखाएको छ । सेन्टर फर मिडिया रिसर्च, नेपालले गरेको अध्ययनले नेपालमा ९५ प्रतिशत इन्टरनेट प्रयोगकर्ताले सामाजिक सञ्जालको माध्यमबाट मिथ्या सूचना प्राप्त गरेको देखाएको छ ।

सामाजिक सञ्जालको अति प्रयोग, गलत प्रयोग र असावधानीपूर्ण प्रयोगबाट बच्न उपाय जान्न जरुरी छ । कुनै पनि न्यायिक अभियानका लागि सामाजिक सञ्जाल एउटा औजार हो, तर यसको सही प्रयोग गर्न जानिएन भने घातक पनि हुन सक्छ । के उद्देश्यका लागि सामाजिक सञ्जालमा खाता खोलेको पहिल्यै स्पष्ट हुनुपर्छ । कुनै पनि नपत्याउने खालका घटना भएका सामग्री इन्टर नेटमा देख्ने, पढ्ने बित्तिकै तुरुन्तै विश्वास गरिहाल्न हुँदैन । व्यक्तिगत सूचना र वैयक्तिक गोपनीयताका कुरा नराख्ने, जुनसुकै लिंक नथिच्ने, नचिनेको साइटमा व्यक्तिगत सूचना, इमेल आदि नभर्ने । नत्र त्यसैले 'प्रोफाइल ह्याक' गरी अरूसँग पैसा माग्न वा तपाईंको आवरणमा अरूलाई ठग्न सक्छ ।

सञ्जालमा कुनै कुरा लेख्नु वा पोस्ट गर्नुअघि आफैंले आफैंलाई प्रश्न सोध्न पनि जरुरी छ । सामाजिक सञ्जालमा यो प्रसंग/विषय राख्ने कि नराख्ने ? यो अहिल्यै नै राख्न उपयुक्त छ ? राखिएको सामग्रीले कसलाई फाइदा पुग्छ ? कुनै पनि सूचनालाई आलोचनात्मक तरिकाबाट हेर्न सक्नुपर्छ । त्यो सूचनाको स्रोत के हो ? कहाँबाट आयो ? कसले सेयर गरेको छ ? त्यो जाँचपड्ताल गरेर सेयर गर्नुपर्दछ । पुराना सामग्रीलाई नयाँ घटनाको भनेर राखिएका हुन सक्छन् । त्यसको पुष्टि नभई त्यसमा 'रियाक्सन' गर्ने वा 'कमेन्ट' लेख्ने काम पनि गर्नु हुँदैन ।

अहिलेको जमानामा हरेक व्यक्ति पत्रकार हो । सूचना अरू सामु पुऱ्याउने सन्दर्भमा धेरैका सामु सूचना दिन सकिन्छ । फेसबुक, ट्विटर, टिकटकलगायत धेरै प्रयोगकर्ता भएका सामाजिक सञ्जालमा तथ्य के हो, त्यो राखिदिन सकिन्छ । कुनै कुरा सामाजिक सञ्जालमा फैलियो भने, त्यो 'किवर्ड सर्च' गरेर पनि सत्य थाहा पाउन सकिन्छ । सम्प्रेषित सामग्री सही छन् कि छैनन्, परीक्षण गर्नुपर्छ । यसका लागि अरू मिडियाहरू पनि अध्ययन गर्नुपर्छ । नकारात्मक तथा कानुनविपरीत गतिविधिलाई निरुत्साहित गर्दै व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक पहलकदमी लिन जरुरी छ । हरेक प्रयोगकर्ताले भाइरल हुनुमात्रै ठूलो कुरा होइन, सूचना प्रणाली प्रयोग गर्दा मर्यादा, शिष्टता र सामाजिक सद्भावको कुरालाई पनि मनन गर्नुपर्छ । सञ्जाललाई आफ्ना विचार, भावना र अनुभव आदानप्रदान गर्न, नयाँ प्रविधि र सिकाइ प्राप्त गर्न, जनचेतना बढाउन र बृहत्तर हितमा उपयोग गर्ने बानी बसालौं । *रासस*

## श्रम सरोकार

### विदेशमा क्याम्पमा बस्नेले ख्याल गर्नुपर्ने कुराहरू

प्रायः सबै कामदारहरूलाई विदेशमा रोजगारदाता कम्पनीहरूले क्याम्पमा राख्ने गर्दछन् । परिवारसहित रहने केही उच्चपदस्थ म्यानेजर तथा प्रोफेसनलहरूलाई भने फेमिली अपार्टमेन्ट या भिल्ला (बंगला) मा राखिएको हुन्छ । क्याम्पहरू पनि प्रायः कामदार र स्टाफ गरी दुई समूहमा केही फरक स्तर र सुविधा दिएर राखिएको हुन्छ । प्रायः सबै क्याम्पहरूमा क्याम्प बोस, सुरक्षा गार्ड तथा सरसफाइ गर्नेहरू पनि खटाइएको हुन्छ ।

खाना पनि उपलब्ध गराउने कम्पनीहरूले क्याटरिङका लागि छुट्टै व्यवस्थापन (आवश्यक जनशक्ति तथा साधन स्रोतसहित) मिलाएका हुन्छन् । क्याम्पहरूमा आफ्नै नियमहरू पनि हुन्छन् । सबै कामदारहरूले निर्धारित नियमहरूको पूर्णपालना गर्नुपर्दछ । सामान्यतया क्याम्पमा पालना गर्नुपर्ने नियमहरू यस्ता हुन्छन् :

- तोकिएको समय सीमाभित्र खाना खाने ।
- सरसफाइमा ध्यान दिने, फोहोर व्यवस्थापन गर्ने ।
- मादकपदार्थको सेवन, जुवातास या अन्य गैरकानुनी क्रियाकलाप नगर्ने ।
- कम्पनीबाहिरका आगन्तुकलाई निश्चित समयभन्दा बढी समय रहन नदिने ।
- झै-झगडा या अशान्ति पैदा नगर्ने ।
- क्याम्पभित्र राति तोकिएको समय सीमाभित्रै फर्किने ।
- धार्मिक, राजनीतिक तथा साम्प्रदायिक सद्भाव खलबलाउने क्रियाकलाप नगर्ने ।
- आफ्नो सामानको सुरक्षा आफैं गर्ने ।
- कुनै समस्या, असुविधा या सिकायत गर्नुपरे क्याम्प सुपरभाइजरलाई भन्ने ।

#### दुर्घटनामा परेमा...

दुर्घटना कुनबेला हुन्छ, अनिश्चित छ । सकेसम्म दुर्घटनाबाट बच्न सतर्कता अपनाउनुपर्छ । सतर्कता अपनाउँदा पनि दुर्घटनालाई कहिलेकाहीँ टार्न सकिँदैन । सडक दुर्घटना होस् या ड्युटी गर्दागर्दै या अन्य ठाउँमा, सबैभन्दा पहिला आफ्नो कम्पनीको सिनियरलाई खबर गरिहाल्नुपर्दछ । सडक दुर्घटना हो भने स्थानीय प्रहरीलाई पनि तुरून्तै खबर गर्नुपर्दछ साथै आफू होसमै रहेको अवस्थामा तत्काल सम्भाव्य कुनै पनि सहयोग लिई प्राथमिक उपचार, उद्धार तथा यथाशीघ्र अस्पताल पुग्ने प्रयत्न गर्नुपर्दछ । आफ्नो परिचयपत्र साथै स्थानीय प्रहरीका इमर्जेन्सी नम्बरहरू साथमा राख्नु निकै महत्त्वपूर्ण हुन्छ । गाडी चालकले गाडीको बिमा, दर्तालगायतका कागजात दुरूस्त राखेको हुनुपर्दछ ।




⏭ बैकुण्ठ भण्डारी

# मान्छे बेच्ने 'लाइसेन्स' !

कालो अनुहार, कालै जुँगा, सेतो दाँत देखाएर हाँस्दा राति अन्धकारमा पनि प्रस्ट चिनिन्छ । उनी हाम्रै गाउँका काली हुन् भनेर । काली जन्मिएका बेला हजुरबाले खुसीयाली मनाउन गाउँलेलाई भोज खुवाउँदा महासेठसँग लिएको ऋण तिर्न नसकेपछि सात/आठ वर्षकै उमेरमा महासेठकैमा दास बनाइदिएका थिए । त्यसपछि उनलाई गाउँले कालीदासका रूपमा चिन्न थाले ।

नियोगको वैठक कोठामा खित्का छाड्दै हाँस्दै थिए कालीदास । खास कुरा यो हो नि मेरो नामको पछाडि भन्दै उनीसँग । उनी भनेका मान्छे किन्ने मान्छे । दासप्रथाको अन्त्य गर्न हिँडेको काली आज पनि दास नै बनिरहेको छ मान्छे किन्ने मान्छेसँग, त्यही बन्द कोठामा । मान्छे बेच्ने मोलमोलाइका लागि ।

कालिदास उनीसँग भन्दै थिए, 'अरु केही चिन्ता लिनु पर्दैन, 'फ्रि टिकट-फ्रि भिसा' हामीलाई चाहिएको यत्ति नै हो ।

मान्छे किन्ने भन्दै थियो, 'केही छैन हामीलाई काम गर्ने दास चाहिएको हो । दास लैजानका लागि विचरा त्यही दाससँग के पैसा लिनु ?'

कालीदास खुसीले फेरि खित्का छाड्यो ! तपाईं त वास्तवमै भगवान् नै हो मेरा लागि । जे भन्यो त्यही 'ओके' गर्नुहुन्छ, ओहो ! म कति भाग्यमानी ।

मान्छे किन्ने मान्छे, मुण्टो हल्लाउँछ । र, मनमनै भन्छ, 'साला आफ्नो देशको छोराछोरीलाई दास बनाउन मेरोमा पठाउँदै छ ।' अनि आफूलाई भने निकै नै शक्तिशाली ठान्छ । विचरा ती बेचिने मानिसहरू पशुजस्तै पैसा तिरेर बेचिएका छन् ।

कालीदास फ्रि भिसा, फ्रि टिकटमा खुसी मनाउँदै बाहिर निस्कन्छ । कोटको खल्तीबाट महँगो मोबाइल निकाल्छ र कसैलाई फोन गर्छ, 'ल तपाईंहरूको टिम त्यो होटलको स्वीट रुममा गएर बस्नु, काम भयो । अरु कुरा त्यहीँ गरौंला' उताबाट सायद सकारात्मक सन्देश आइसकेको छ ।

कालीदास कालो सिसा भएको कालो चिल्लो गाडीमा बस्छ र जान्छ ।

टेकऽसास नामैले काफी छ । मेरोमा त्यो डिमाण्ड झार्न पाए क्या मज्जा हुन्थ्यो । मान्छे बेच्ने साहुले फोनमै कुरा गरिररहेको छ । त्यही बेला कालीदास आइपुग्छन् ।

कालीदास टेकऽससँग हात मिलाउँछन् र भन्छन्, 'ल बधाई छ, साँढे ३०० को डिमाण्ड त्यो पनि फ्रि भिसा फ्रि टिकेट' ।

'एकदम राम्रो डिमाण्ड आयो हजुर' यो हजुरकै देन हो नि जसरी पनि मलाई नै पार्नुपर्छ हजुर' टेकऽसास कालीदासलाई भन्छ । कालीदास मुस्कुराउँदै भन्छन्, 'त्यो त अव तपाईंहरू साथीभाइकै कुरा हो । कुरा मिलाउनुस् अरुसँग पनि । जसले लिए पनि मलाई केही छैन । मेरो त हिसाब क्लियर हुनुपर्छ ।'

त्यसैबेला ठूलो भूँडी भएको मान्छे गाडीबाट ओर्लन्छ र कालीदासलाई सष्टांग दण्डवत् गर्दै हात मिलाउँछ । 'कुरा त धेरै सकारात्मक छ हजुर । अब त्यो डिमाण्डलाई मिलाएर भागबण्डा गरौं हजुर । कि कसो टेकऽसासजी,' भूँडे बोल्छ ।

'ठिकै हो दाइ । मैले पनि अघिदेखि त्यही कुरा गरिरहेको छु । मिलाएर गरौंला भनेर ।'

कालीदास हाँस्दै भन्छन, 'साथी, यो त फ्रि भिसा फ्रि टिकेट हो । यसको मतलव उनीहरूका लागि त्यो होइन हाम्रा लागिमात्र हो । कुरो बुझियो नि ?'

टेकऽसास भन्छन्, 'ल त्यसको चिन्तै नलिनुस् न हजुर । सूचनामा मात्र हो फ्रि भिसा फ्रि टिकट । त्यो त पहिल्यैदेखिको चलन हो नि !'

कालीदास फेरि मुस्कुराउँछ । 'अनि अर्थ कसरी लिनुहुन्छ नि ? रसिद काट्नु पर्दैन ?'

'होइन, तपाईं कस्तो थाहा पाएर पनि नपाएको जस्तोगरी सोधिरहनुभएको छ । मलाई त शंका लाग्यो है । कतै गडबड त गर्न लाग्नुभएन ?,' टेकऽसासले शंका व्यक्त गऱ्यो । अवस्था ठीक छैन ।

कालीदासले भुँडेतिर संकेत गर्दै भन्छ, 'त्यही बेला ठीक नभएकै कारण सोधेको नि ! बाहिर हेर्दा त पारदर्शी देखिनुपऱ्यो नि !'

'तपाईं पनि, हामी मान्छे बेच्ने लाइसेन्सधारी हौं । काँचो काम कहाँ गर्छौं र ? पैसा धेरै लिन्छौं, रसिद थोरैको दिन्छौं । त्यसमा पनि फ्रि टिकट फ्रि भिसा भनेर ।'

कालीदास फेरि हाँस्छ..... 'तर पनि अहिले पहिलेजस्तो छैन ।'

भुँडे भन्छ, 'तर अहिले निकै गाह्रो भाको छ । यताबाट भन्दा उताबाट बढी जान थाले ।'

कालीदास सोध्छ, 'उताबाट भनेको कताबाट ?'

टेकऽसास, 'कहाँबाट हुनु नि सबै कन्सल्टेन्सी पनि हामीजस्तै भयो अनि कहाँबाट हुन्थ्यो व्यापार । मान्छे बेच्ने लाइसेन्स त हाम्रो हो नि तिनीहरूले पनि हाम्रै काम गर्न थाले । जसरी पनि रोक्नुपऱ्यो !'

कालीदास भन्छन्, 'सम्भावना छैन ! मैले माथि धेरै कुरा गरिसकें । तपाईंहरूलाई यही फ्रि भिसा फ्रि टिकेट नै ठीक छ । काम एउटा, कुरा अर्को । न समस्या, न लफडा । यही मान्छे बेच्ने लाइसेन्स नै ठीक छ । उनीहरू त शिक्षाका नामबाट मान्छे बेच्ने लाइसेन्स बनेका छन् । जुन बेला पनि जान सक्छन् ।'

भुँडे बोल्छ, 'त्यो पनि ठिकै हो ।'

टेकऽसास भन्छन्, 'यो फ्रि भिसा र फ्रि टिकेट भन्दै झ्याम कि झ्याम रकम असुलेको छ । शुद्धीकरण भयो भने कोही बाँकी रहँदैनन् ।'

त्यही भएर त व्यापारीलाई अख्तियारले हेर्न नपाउनेगरी नियम बनाउन लगाको त । कम खेलो छ ? तपाईंहरू बुझ्नु नै हुन्न । यतादेखि उतासम्म मिलाउनुपर्छ ।' कालीदासले फेरि थपे ।

'कहाँ-कहाँ के मिलाउनुपर्ने हो तपाईंको जिम्मा अरु केही छैन ।'

'कोही बोल्नेवाला छैन । तपाईंहरूले सबलाई व्यवस्था गर्नुभएकै छ । नेतादेखि गुण्डा, प्रशासकदेखि पत्रकारसम्म सिण्डिकेट छँदै छ,' कालीदासले पोल खोले ।

टेकऽसासले भने, 'त्यत्ति गरेन भने त हैरानै पार्छन् नि । मान्छे बेच्ने लाइसेन्स लिएर त यस्तो अवस्था छ । भुँडेदेखि सुँडेसम्मले सेटिङ मिलाको छ । मान्छे बेच्ने लाइसेन्स पाको छ । बाहिर फ्रि भिसा, भित्र पैसै पैसा !'

तीनै जना खित्का छाडेर हाँस्छन् ।

# पर्यटकको रोजाइमा 'तुवाचुङ मिनी ग्रेटवाल'

**खोटाङ–** तुवाचुङ-जायजुममा निर्माण गरिएको पदमार्ग पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ । हलेसी तुवाचुङ नगरपालिका-७ मा रहेको किरात ऐतिहासिकस्थल तुवाचुङ जायजुङमा कंक्रिट प्रयोग नगरी चुनासुर्कीको पर्खाल निर्माण गरिएको पदमार्ग ७३० मिटर लामो छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लगानीमा निर्माण सुरु गरिएको पदमार्गलाई हलेसी तुवाचुङ नगरपालिकाले 'तुवाचुङ मिनी ग्रेटवाल' नामकरण गरेको छ । किरात समुदायको सभ्यताको उद्गमस्थल मानिने तुवाचुङ-जायजङमा मिनी ग्रेटवाल नामको पदमार्ग निर्माण गरिएसँगै सुन्दर बन्दै गएको छ ।

तुवाचुङ मिनी ग्रेटवालमा चुना र इँटाको धुलोसँगै फ्लाइ स्टोन जोडेर पर्खाल निर्माण गरिएको हलेसी तुवाचुङ नगरपालिकाका प्रवक्ता एवं वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिए । 'उकालो र ओरालो भू-भागमा सोही सामग्री प्रयोग गरेर सिँढी निर्माण गरिएको छ । समथर स्थानमा घाँस पलाउनेगरी ढुंगा र माटो मिलाइएको छ,' उनले भने, 'पदमार्गमा दुई मिटर चौडाइको पर्खाल निर्माण गरिएको छ । किरात ऐतिहासिकस्थल तुवाचुङ-जायजुममा निर्माणाधीन पदमार्ग आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्न थालेको छ ।'

समुद्री सतहदेखि एक हजार ८०० मिटर उचाइमा रहेको तुवाचुङ-जायजुम भौगोलिक हिसाबले अत्यन्तै आकर्षक छ । यहाँबाट सूर्योदय र सूर्यास्तको दृश्य देखिन्छ । आकाश खुलेका दिन उत्तरतिर पर्ने विश्वको सर्वोच्च शिखर सगरमाथाका साथै उच्च हिमाली शृंखलाहरू टलक्क चाँदीझैँ टल्किएको देखिन्छ । हिमाल, पहाड र तराईसम्मको दृश्यावलोकन गर्न सकिने यस ऐतिहासिक एवं पर्यटकीयस्थलमा निर्माणाधीन मिनी ग्रेटवालले थप आकर्षक बनाएको हो ।

तयामा र खियामाले तान बुनेको यो ऐतिहासिक स्थलमा अहिले पनि दुई वटा तान बुनेको ढुंगाको दोखाम (तान) प्रत्यक्षरूपमा देख्न सकिन्छ । किरात मुन्दुमी मिथकअनुसार, तुवाचुङ-जायजुममा तयामा र खियामा (दिदीबहिनी)ले कपडा बुन्ने गर्दथे । उनीहरू कपडा सभ्यताका उद्यमी मानिन्छन् ।

तुवाचुङ-जायजुममा किरात आदिम पुर्खा रैछाकुले, तायामा र खियामाको पूर्णकदको प्रतिमा यसअघि नै स्थापना गरिएको छ । हिन्दू, बौद्ध र किरात धर्मावलम्बीको संगमस्थल हलेसीभन्दा केही माथि पर्ने तुवाचुङ-जायजुममा मिनी ग्रेटवालसँगै, मञ्जुश्री गुफा जाने पदमार्ग, बसाहागुफा अगाडि मांखिम घर निर्माणलका लागि संघीय सरकारको लगानीमा पाँच करोड ८२ लाख रूपैयाँमा ठेक्का लागेको थियो ।

विश्वप्रसिद्ध त्रिधार्मिकस्थल हलेसी नजिकै पर्ने मञ्जुश्री पदमार्ग निर्माणसँगै तुवाचुङ मिनी ग्रेटवाल निर्माण भइसकेको छ । संयुक्त निर्माणको जिम्मा पाएको कर्णेल समृद्धि जेभीले हाल तुवाचुङ-जायजुम प्रवेशद्वारमा ६० लाख रूपैयाँ लगानीमा दुईतले (दुईपांग्रे सवारीसाधनलाई भूइँतलामा तथा चारपांग्रे सवारीसाधनलाई माथिल्लो तलामा राख्नेगरी) पार्किङस्थल निर्माण गरिरहेको छ ।

तुवाचुङ-जायजुम ऐतिहासिकस्थल भएकाले निर्माणाधीन तुवाचुङ मिनी ग्रेटवालमा सिमेन्टको कंक्रिट प्रयोग नगरिएको हलेसी तुवाचुङ नगरपालिकाकी नगरप्रमुख विमला राईले जानकारी दिएकी छन् । 'ऐतिहासिकस्थललाई थप व्यवस्थित र आकर्षित बनाएर पर्यटक भित्र्याउने योजनासहित तुवाचुङ मिनी ग्रेटवालको अवधारणा अघि सारिएको हो,' उनले भनिन्, 'आगामी दिनमा तयामा र खियामाले तान बुन्दै गरेको स्थानलाई भौतिकीकरण गर्ने, तान बुन्दै गरेको प्रतिमा राख्ने, पर्यटकका लागि चिया तथा कफी खाने पार्क घर निर्माण गर्ने योजना नगरपालिकाको छ । क्रमशः उक्त क्षेत्रमा किरात समुदायको भान्सामा पाउने सबै खाद्यवस्तु उपलब्ध गराउने योजना छ ।'

तयामा र खियामाले तान बुन्दै गरेको प्रतिमा निर्माणका लागि ३० लाख रूपैयाँ तथा गार्डेन (बगैंचा)सहितको किरात सांस्कृतिक घर निर्माणका लागि २५ लाख रूपैयाँ बजेट नगरपालिकाले विनियोजन गरेको छ । प्रतिमा र सांस्कृतिक घरसमेत यसै वर्षभित्र निर्माण गरिने नगरप्रमुख राईले जानकारी दिएकी छन् ।

मध्यपहाडी लोकमार्गअन्तर्गत दिक्तेल-हलेसी सडकखण्डमा पर्ने तुवाचुङ-जायजुममा उँधौली र उँभौलीका अवसरमा तीन चुल्हाको पूजा गर्दै बृहत् साकेला सिली प्रदर्शन गर्ने गरिएको छ । तुवाचुङ-जायजुममा नेपालका सबै जिल्ला तथा छिमेकी देश सिक्किम, दार्जीलिङ, भुटानलगायतका किरात समुदाय आउने गरेका छन् ।

सरकारले निर्धारण गरेको १०० वटा गन्तव्यअन्तर्गत मुन्दुम ट्रेल (पदमार्ग)मा पर्ने तुवाचुङ-जायजुममा किराती सभ्यताको अध्ययन तथा अवलोकन गर्न आउनेको संख्या पनि बढ्दै गएको छ । बाह्रै महिना आन्तरिक तथा बाह्य पर्यटकको भीड लाग्ने तुवाचुङ-जायजुमको जमिन भिरालो हुँदा विशेषगरी साकेला नाँच्ने समयमा जोखिम हुने भएकाले ढुंगाको पर्खाल लगाएर पदमार्ग निर्माण गरिएको हो । *रासस*

## भोजपुरमा 'ग्रेटर मुन्दुम' पदमार्गको काम सुरू

**भोजपुर–** भोजपुरमा ग्रेटर मुन्दुम पदमार्ग विस्तारको काम अघि बढेको छ । सुनसरीको कोशी टप्पु, उदयपुरको बेलका नगरपालिको मैनामैनी, भोजपुर हतुवागढीको माईबेनी हसनपुर हुँदै सेल्मे, तावाभञ्याङसम्म पदमार्ग जोड्ने लक्ष्यका साथ 'ग्रेटर मुन्दुम ट्रेल'को काम सुरु भएको हो ।

यो ट्रेलको काम सुरु भएको भोजपुरको हतुवागढी, आमचोक र रामप्रसाद राई गाउँपालिकाको अन्तरपालिका बैठक बसेर थप योजना निर्माण गरिएको छ । तीनवटा नै स्थानीय तहका अध्यक्षको उपस्थितिमा पदमार्ग उपभोक्ता र निर्माण समितिलाई अभिमुखीकरण कार्यक्रमसमेत गरिएको छ । परियोजनाका कर्मचारी तथा स्थानीयपालिकाकाइन्जिनियरहरूले उपभोक्ता समितिलाई काम कसरी गुणस्तरीय ढंगले गर्ने भन्ने विषयमा सहजीकरण गरेका हुन् ।

यो पदमार्गले किरातहरूको आस्थाको केन्द्रका रूपमा रहेको खुवालुङ क्षेत्र नसमेटिएका कारण धनकुटा, उदयपुर र भोजपुरका सात स्थानीय तहहरूको अन्तरपालिका बैठक बसेर सो क्षेत्र हुँदै पदमार्ग विस्तारको विषयमा छलफल गर्ने तयारी भइरहेको हतुवागढीका अध्यक्ष प्रेमकुमार राईले बताए ।

कोशी प्रदेश सरकारको पर्यटन मन्त्रालय, पदमार्गमा आधारित पर्यटन विकास परियोजना, धनकुटाका सहिदभूमि र साँगुरीगढी गाउँपालिका, उदयपुरको बेलका नगरपालिका, भोजपुरको हतुवागढी तथा आमचोक र रामप्रसादराई गाउँपालिकाबीच छलफल गरेर खुवालुङ क्षेत्र हुँदै पदमार्ग विस्तार गर्ने योजना रहेको अध्यक्ष राईको भनाइ छ ।

'हामीले भोजपुरमा तीन स्थानीय तहको अन्तरपालिका बैठक सम्पन्न गरेका छौं,' अध्यक्ष राईले भने, 'सुनसरीको कोशी टप्पुबाट सुरु भएर उदयपुर हुँदै भोजपुरसम्म विस्तार हुन लागेको ग्रेटर मुन्दुम पदमार्गमा खुवालुङ क्षेत्र छुटेको अवस्था छ, यहाँ महत्त्वपूर्ण खुवालुङ क्षेत्रलाई समेट्न तीन जिल्लाका सात स्थानीय तह र सरोकारवाला पक्षसँग छलफल गर्ने तयारीमा छौं ।'

चार वर्षसम्म निर्माण हुने ग्रेटर मुन्दुम पदमार्ग निर्माणमा स्वीस सरकारको ५५ प्रतिशत, प्रदेश सरकारको १९ प्रतिशत, स्थानीय सरकारको १८ प्रतिशत र संघ सरकारको आठ प्रतिशत लागत साझेदारी हुने अध्यक्ष राईले जानकारी दिए । पहिलो आर्थिक वर्ष २०८१/८२ मा हतुवागढी-९ हसनपुर, आमचोक-२ यूँ र रामप्रसाद राई-६ बैकुण्ठेमा पदमार्ग निर्माणको काम सुरुआत भएको अध्यक्ष राईको भनाइ छ ।

निर्माण हुन लागेको ग्रेटर मुन्दुम ट्रेलको रुटमा ऐतिहासिक खुवालुङ क्षेत्र छुटेकाले यसलाई पनि समेट्नका लागि पहल गरिने रामप्रसाद राई गाउँपालिकाका अध्यक्ष थामबहादुर राईले बताए । रामप्रसाद राईमा पहिलो चरणमा ३० लाख रूपैयाँ लागतमा पदमार्ग निर्माणको काम सुरु भएकोसमेत उनले जानकारी दिए । सोही रकम बराबरमा हतुवागढी र आमचोक गाउँपालिकामा पनि पदमार्ग निर्माणको काम सुरु भएको अध्यक्ष राईको भनाइ छ ।

ग्रेटर मुन्दुम पदमार्ग सुनसरीको कोशी टप्पुबाट सुरु भएर उदयपुरको मैनामैनी हुँदै भोजपुर हतुवागढीको माइबेँनी, शिला सुत्केरी, संखामचुली, आमचोक गाउँपालिकाको बयाङ, यूँ, रामप्रसाद राईको वडा नं ६ थामडाँडा, गोल्मे भिर, सुच्चागुफा नागँछाँगा, वडा नं २ को पाप्माखामगढी, बतासे र वडा नं १ ओखेबाट टेम्केमैयुङ-९ को कपासे भञ्याङसम्म विस्तार हुने रामप्रसाद राई-६ का वडाध्यक्ष एकराज आचार्यले बताए ।

तावाभञ्याङमा यसअघि निर्माण भएको मुन्दुम पदमार्गसँग जोडिएपछि भोजपुरको सबैभन्दा अग्लो स्थान साल्पासिलिचुङसम्म पुग्दा यो पदमार्गको लम्बाइ करिब १६८ किलोमिटर हुने जनाइएको छ । पदमार्गमा आधारित पर्यटन विकास परियोजना विराटनगरअन्तर्गत काम भइरहेको छ । यो कार्यक्रम विसं २०८१ बाट २०८५ सम्म सञ्चालन हुने जनाइएको छ । चार वर्षका लागि स्वीस सरकार र प्रदेश सरकारबीच सम्झौता भएको छ । पुनः स्थानीय सरकार र प्रदेश सरकारबीच पनि सम्झौता भएर काम अघि बढेको हो । *रासस*


**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/२९**

यस कम्पनीको मिति २०८१/०६/३० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **कोल्याबोरेटिभ ह्युमन एक्सन फर नेक्स्ट जेनेरेसन प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **इनोभेसन नेक्स्ट प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०७/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **इनोभेसन नेक्स्ट प्रा.लि.** (**प्रा.लि.नं.**१६०८६३) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



**Surnaya Rural Municipality**

**Office Of Rural Municipal Executive**

**Rauleshwar,Baitadi**

**Invitation for Bids**

Date of first publication: 2081-10-29 (2025-Feb-11)

1. Surnaya Rural Municipality , Baitadi invites sealed bids from eligible domestic bidders for the construction works enlisted below:

| S.N. | Contract No. | Name and location of the Construction Work | Estimated Amount Incl.of VAT & PS (NRS) | Bid Security Amount (NRS) | Validityof Bid Security (Days) | Non Refundable Bid Document Fee (NRS) | Last Date For Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB/SRM/BAITA-DI/11/081-82 | Construction Of Ward Office Building, Surnaya -1 | 916019.81 | 123000 | 120 | 3,000 | 2025 Mar 16 12:00 |
| 2 | SQ/SRM/BAITA-DI/08/081-82 | Construction Of Bachpani Ward Office Jhadbo Road, Surnaya-8 | 1552608.29 | 39000 | 60 | 1000 | 2025 Mar 2 12:00 (RE-BID) |

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np/egp, Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by thebidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security (optional if bidder submits Bank Guarantee from A Class Bank) | |
|---|---|---|---|
| Bank: | Nepal Investment Megha Bank | Bank: | Nepal Investment Megha Bank |
| Office Name: | Surnaya Rural Municipality | Office Name: | Surnaya Rural Municipality |
| Aantarik Rajaswo account No. | 06501400250016(Aantarik Rajaswa Khata No.) | Dharauti account No. | 06501040250351(Dharauti Khata No.) |
| Office code: | 80774506300 | Office Code | 80774506300 |

3. Pre-bid meeting should not be held.
4. The bids will be opened in the presence of Bidders' represem m ntatives who choose to attend at opening time at the Surnaya Rural Municipality. Bids security must be valid for a period as specified above and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of as specified above.
5. If the date of opening falls on a government holiday, then the next working day shall be considered as the openingdate. In such case the validity period of the bid security shall remain the same as specified for the original last date ofbid submission.
6. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of GoN.
7. Any amendment in the tender notice shall be posted in the notice board of the Surnaya Rural Municipality office andPPMO's website: www.bolpatra.gov.np/egp.
8. Eligible Bidders may refer Surnaya Rural Municipality or PPMO's website: www.bolpatra.gov.np/egp for further information.

**Chief Administrative Officer**



**Kalika Municipality**

**Office of Municipal Executive**

**Redcrossgram, Chitwan**

**Bagmati Province**

**INVITATION FOR SEALED QUOTATION BIDS**

**Contract Identification No: 05/Goods/SQ/KM/081/082**

**First date of publication: - 2081/10/29 (11th February, 2025)**

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic sealed quotation bids from eligible bidders for Supply of following Goods in the table below.

| S. N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 05/Goods/SQ/KM/081/082 | SUPPLY AND DELIVERY OF COPY, PEN AND PENCILS | 75 days from the day of bid opening (Upto 2082-01-30 B.S, 13th May, 2025 A.D) | 35,000/- | 1,000.00 |

**Account details for purchasing bidding document and bid security deposit**

Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.

Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.

Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, **राजस्व शिर्षक नं: १४२१९**

Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata

Last Date of Bids Submission Date: Before 12 PM on 2081-11- 15 (27th February, 2025)

Bids Opening Date: At 13:00 PM on 2081-11- 15 (27th February, 2025)

Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

प्रभाव दैनिक




## गायिका बरालले ल्याइन् 'नैना रेशम'

गायिका ईश्वरी बरालको गीत 'नैना रेशम' सार्वजनिक भएको छ । बरालले स्वर भरेको गीतको शब्द र संगीत सिर्जना राजकुमार बगरले गरेका हुन् । नरेन्द्र वियोगीको एरेञ्ज रहेको गीतको भिडियो मुस्कान ढकालले निर्देशन गरेका हुन् । जसमा गायिका बरालसँगै स्मारिका ढकाल र सुरेश कोलीको अभिनय देख्न सकिन्छ ।






# 'लाज शरणम्'को गीतमा मेयर बालेनको स्वर

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'लाज शरणम्'को गीतमा काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) साहले स्वर दिएका छन् । उनको स्वर रहेको गीत 'लाज शरणम्' टिमले सोमबार सार्वजनिक गरेको हो ।

'नेपाल हासेको...' बोलको गीतमा मेयर साहको स्वर, संगीत र शब्द छ । गीतले नेपालको वर्तमान अवस्था र विकासको कुरा गर्छ । गम्भीर विष्टले कोरियोग्राफी गरेको गीतको भिडियोमा अर्जुन घिमिरे, महेश त्रिपाठी, सागर लम्साल, हरिष निरौला, ववित राई, गजित विष्ट, रामबाबु रेग्मी, आयुसी ढकाल र सानु पाण्डेको अभिनय रहेको छ ।




साह मेयर भएपछि उनले गाएको गीत सार्वजनिक भएको यो पहिलोपटक हो । मेयर भएपछि उनले हालसम्म कुनै पनि गीत गाएका थिएनन् । यो गीतले 'लाज शरणम्'को हाइप थप बढाउनेमा निर्माणपक्ष ढुक्क छ । बालेनको लोकप्रियताजस्तै यो चलचित्रको गीत र चलचित्र पनि रुचाइनेमा निर्माण टिमको विश्वास छ ।

फागुन १४ गते महाशिवरात्रीको दिन रिलिज हुने चलचित्र 'लाज शरणम्'ले केही दिनअगाडि मात्रै 'हेर्दा हेर्दैमा...' बोलको गीत सार्वजनिक गरेको थियो । चलचित्र 'लाज शरणम्' हास्य टेलिश्रृंखला 'सक्किगोनि'को टिमले बनाएको चलचित्र हो । लेखक, कलाकारदेखि निर्देशकसम्म यो चलचित्रमा 'सक्किगोनि' टिमको छ । 'लाज शरणम्'को मुख्य भूमिकामा सिताराम कट्टेल 'धुर्मुस' छन् । यो चलचित्रलाई कुमार कट्टेलले निर्देशन गरेका हुन् । यो चलचित्र यो वर्षकै प्रतिक्षितमध्येको एक हो ।

यो चलचित्रमा धुर्मुससँगै अर्जुन घिमिरे, सागर लम्साल, हरिष निरौला, प्रियाना आचार्य, विजय बराल, महेश त्रिपाठी, अर्पण थापा, रेणु योगी, विजय लामा, मुकुन्द श्रेष्ठ, माला लिम्बूलगायत कलाकारको अभिनय छ । जेपिटी क्रियसनको ब्यानरमा निर्माण भएको सिनेमामा नवीन श्रेष्ठ निर्माता, राम नरेश शाह र सृजना खड्का सहनिर्माताको रूपमा रहेका छन् ।

# गीतकार केसीले एकैसाथ ल्याए दुई गीत

■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ कलाकार एवं गीतकार उत्तम केसीले लेखेका दुई गीत एकसाथ सार्वजनिक गरिएका छन् । उनका 'छातीभित्र मुटु चल्छ, मुटुभित्र माया...' र 'विपनीमा टुंगियो माया...' गीत सार्वजनिक गरिएका हुन् ।

केसीका गीतमा गायक राजेश पायल राई र सिक्किमकी गायिका अञ्जना नाल्बो लिम्बूले स्वर दिएका छन् । लिम्बू 'याक्थुङ स्टार' गायन प्रतियोगिताकी उपाधि विजेतासमेत हुन् । लिम्बूले एकसाथ दुई गीत गाएकी हुन् । केसीका दुवै गीत शुक्रबार काठमाडौंको 'मेलोडी स्टुडियो'मा रेकर्ड गरिएका हुन् । ती दुवै गीतमा वरिष्ठ संग्रीतकार अष्ट लामा र पुस्कर सुनुवारको संगीत रहेको छ ।

गायिका लिम्बूले गीतकार केसीका शब्दबाट प्रभावित भएर गीत गाएको बताइन् । केसी गीत लेखन तथा कथा लेखनमा लामो समयदेखि सक्रिय छन् । उनका 'न झुकुन हाम्रा शिरहरू', 'जसले जे जे भने पनि तिमी मेरी आमा', 'मकै भुट्ने हाँडीमा', 'रहरै भो', 'कि वार कि पार', 'अब जे होला होला', 'ठण्डा ठण्डा पानी', 'आकशको जुन तिमी, धर्तीको फूल' लगायत गीत श्रोता/दर्शकमाझ लोकप्रिय रहेका छन् । केसीले झण्डै २०० को हाराहारीमा ठूलो पर्दा तथा सानो पर्दाका चलचित्रमा आफ्नो अभिनय पस्किसकेका छन् । उनी चलचित्र निर्माण, निर्देशनमा पनि सक्रिय छन् ।

# न्यायिक समितिको निर्णय पुस्तकमा संग्रहित

**काठमाडौं (प्रस)–** चन्द्रागिरि नगरपालिकाको न्यायिक समितिले आफूले सम्पादन गरेका निर्णयहरूलाई पुस्तकका रूपमा प्रकाशन गरेको छ । पुस्तकभित्र समितिले २०७५ देखि २०८१/८२ को पुस मसान्तसम्म गरेका निर्णयलाई संग्रहित गरिएको छ ।

चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरी र उपप्रमुख बसन्ती श्रेष्ठले आइतबार आयोजित कार्यक्रममा पुस्तक सार्वजनिक गरे । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्यालले पुस्तकले असल अभ्यासका बारेमा जानकारी लिन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।






आहा रारा पोखरा गोल्डकप

# चर्च ब्वाइज सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**कास्की–** चर्च ब्वाइज फुटबल क्लब पोखरामा जारी २४औं संस्करणको आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । पोखरा रंगशालास्थित फुटबल मैदानमा सोमबार सम्पन्न क्वाटरफाइनलको अन्तिम खेलमा डिफेन्डिङ च्याम्पियन त्रिभुवन क्लबमाथि १-० को कठिन जित निकाल्दै चर्च ब्वाइजले अन्तिम चारमा स्थान पक्का गरेको हो ।

पहिलो हाफको खेल गोलरहित बराबरीमा सकिएकामा दोस्रो हाफ पनि सकिन एक मिनेट बाँकी रहँदा चर्चका ब्वाइजका नवीन लामाले प्रहार गरेको कर्नर बललाई राज भुसालले हेडमार्फत गोल गरे । भुसालले गरेको गोलनै खेलको निर्णायक बन्यो । पहिलो तथा दोस्रो हाफमा दुवै टोलीले गोलका केही मौका पाएकामा सदुपयोग गर्न सकेनन् ।

अघिल्लो संस्करणको उपाधि विजेता आर्मी यस वर्ष पहिलो खेलबाट बाहिरिएको छ । आर्मीले सीधै क्वाटरफाइनलमा स्थान बनाउँदा चर्च ब्वाइजले एनआरटीलाई पराजित गरी क्वाटरफाइनलमा स्थान बनाएको थियो ।




चर्च ब्वाइजका प्रशिक्षक चेतनारायण श्रेष्ठले खेलाडीको मिहेनतबाटै जित सम्भव भएको बताए । आर्मीका प्रशिक्षक मेघराज केसीले खेलाडीले राम्रो खेले पनि अवसर सुदपयोग गर्न नसक्दा पराजित हुनुपरेको प्रतिक्रिया दिए । यही फागुन ३ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले नगद १२ लाख रूपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार र उपविजेताले छ लाख रूपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्ने छन् ।

यसैगरी प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाइ स्कुटर पुरस्कार प्रदान गरिने छ । प्रतियोगितामा विधागतरूपमा सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेन्डर, गोलरक्षक, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकले जनही २५ हजार रूपैयाँसँगै ट्रफी पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको छ ।

# खेलकुद पत्रकारद्वय भण्डारी र सापकोटा सम्मानित

**काठमाडौं (प्रस)–** यस वर्षको एनएसजेएफ अग्रज खेलकुद पत्रकारिता अवार्ड वरिष्ठ खेल पत्रकार श्रीविक्रम भण्डारीलाई प्रदान गरिएको छ । नेपाल खेलकुद पत्रकार मञ्चको २९औं स्थापना दिवसका अवसरमा सोमबार यहाँ आयोजित कार्यक्रममा मेरो खेल डटकमका सम्पादक भण्डारीलाई सम्मान गरिएको हो ।

यसैगरी सुमन भोम्जन स्मृति युवा खेल पत्रकारिता पुरस्कारबाट विनयज्योति सापकोटा सम्मानित भएका छन् । उनी कान्तिपुर टेलिभिजनमा कार्यरत छन् । दुवैजनालाई युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङलगायतले सम्मान गरे । भण्डारीलाई २५ हजार रूपैयाँसहित ताम्रपत्र प्रदान गरियो । सुदूरपश्चिमको डडेलधुरामा जन्मिएका भण्डारीले २०४४ सालदेखि खेलकुद पत्रकारिता गर्दै आएका छन् ।

त्यस्तै, कान्तिपुर टेलिभिजनमा कार्यरत सापकोटा पछिल्लो छ वर्षयता खेलकुद पत्रकारितामा सक्रिय रहेका छन् । उनले सम्मानसहित ताम्रापत्र र एक थान ल्यापटप प्राप्त गरे । मन्त्री चौधरीले सम्मानित पत्रकारद्वयलाई बधाई दिँदै नेपाली खेलकुद क्षेत्रले प्रतीक्षा गरिरहेको दशौं राष्ट्रिय खेलकुद निर्धारित समयमा नै आयोजना गर्ने प्रयास भइरहेको बताए । दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी चैत २३ गतेदेखि कर्णाली प्रदेशमा आयोजना गर्ने तय भएको छ ।

त्यस्तै, राखेप सदस्यसचिव घिसिङले नेपाली खेलकुद विकासमा खेलकुद पत्रकारको भूमिका विशेष रहेको बताए । 'अग्रजलाई सम्मान र युवालाई प्रोत्साहन' नाराका साथ मञ्चले हरेक वर्ष आफ्नो स्थापना दिवसका अवसरमा उक्त अवार्ड प्रदान गर्दै आएको छ ।

# अर्जुन ट्रफीको उपाधि अत्तरियालाई




**कैलाली (प्रस)–** धनगढीमा सम्पन्न 'अर्जुन ट्रफी राष्ट्रिय टी-२० क्रिकेट' को उपाधि सिवाइसी अत्तरियाले जितेको छ । सोमबार सम्पन्न फाइनल खेलमा अत्तरियाले फ्रेन्ड्स युथ क्लब डडेलधुरालाई ३४ रनले पराजित गरेको हो ।

उपाधिसँगै अत्तरियाले १० लाख रूपैयाँ पुरस्कार प्राप्त गरेको छ । उपविजेता डडेलधुराले पाँच लाख रूपैयाँ पुरस्कार पायो । जितका लागि ११९ रनको लक्ष्य पाए पनि डडेलधुराले ८४ रनमात्र बनायो । डडेलधुराका लागि गजेन्द्र बोहराले २४, कुशल भुर्तेलले २० र अशोक धामीले १० रन बनाए ।

बलिङतर्फ अत्तरियाका लागि शाहव आलम र दिपेश कँडेलले तीन/तीन तथा कमल गुप्ता र विवेक यादवले दुई/दुई विकेट लिए ।

यसअघि फाप्ला क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको अत्तरियाले निर्धारित २० ओभरको नौ विकेटको क्षतिमा ११८ रन बनायो । उसका लागि रासिद खानले ३१, कप्तान सन्तोष कार्कीले २० र शंकर रानाले २० रन बनाए । बलिङतर्फ डडेलधुराका लागि अभिषेक गौतमले चार ओभरमा १५ रन खर्चेर चार विकेट लिए । कुशल भुर्तेल र अभिषेक चौहानले एक/एक विकेट लिए । प्रतियोगितामा आठ टोली सहभागी थिए ।


## साउदीमा रोजगार

कम्पनी :, Saeed Ibn Mufleh Al-Qahtani Company for providing meals.

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ | LT. No. 318468 | चलानी नं.६०२३२७८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 1000 | ३७,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Rissal Transport Company, one-person company.

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ | LT. No. 318466 | चलानी नं.६०२३२७७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer & Unloading | 2 | 0 | 1000 | ३७,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Rawabet Al Alam International Transport Company.

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ | LT. No. 318465 | चलानी नं.६०२३२७७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६७,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Ideal Sources Contracting Est.

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ | LT. No. 318467 | चलानी नं.६०२३२७८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 5 | 0 | 1800 | ६७,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ६ गते (18th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HALESI OVERSEAS PVT LTD
Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com

## MAURITIUS मा रोजगार

कम्पनी : SQUARE DEAL MULTI-PURPOSE CO-OPERATIVE SOCIETY LIMITED

पूर्व स्वीकृति मिति : २०८०/११/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२८ | LT. No. 300440 | चलानी नं. ६०२३२७६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter Grade II | 70 | 0 | 16500 | ४९,४६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason Grade II | 100 | 0 | 16500 | ४९,४६० | | | | | | | |
| 3 | Mason Grade II | 30 | 0 | 16500 | ४९,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ६ गते (18th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ०८५/०५३/०५४
INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## युएइमा रोजगार

कम्पनी : Motherland Building Maintenance L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ | LT. No. 318584 | चलानी नं. ६०२३२७७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administration Manager | 1 | 0 | 3500 | १३४,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४६,०३० | | | | | | | |
| 3 | Driver All Vehicles | 1 | 0 | 1900 | ७२,८८० | | | | | | | |
| 4 | Insulation Worker | 2 | 0 | 1200 | ४६,०३० | | | | | | | |
| 5 | Marketing Manager | 0 | 3 | 3000 | ११५,०७० | | | | | | | |
| 6 | Painter | 2 | 0 | 1200 | ४६,०३० | | | | | | | |
| 7 | Public Relation Officer | 1 | 0 | 2500 | ९५,८९५ | | | | | | | |
| 8 | Safety Officer | 1 | 0 | 3000 | ११५,०७० | | | | | | | |
| 9 | Scaffolder | 2 | 0 | 1200 | ४६,०३० | | | | | | | |
| 10 | Tile Layer | 6 | 0 | 1200 | ४६,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ६ गते (18th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOTHERLAND OVERSEAS PVT. LTD.
Govt.Lic. No 339/059/60
Opposite to Basundhara Chowki, Kathmandu, Nepal, T: 01-496 1111,436 6318
Mob: 9802334888, Email:- cv@motherlandgroupnepal.com ,info@motherlandoverseas.com, Web: www.motherlandoverseas.com

## युएइमा रोजगार

कम्पनी : R K S STAR TECHNICAL SERVICES L.L.C — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ | LT. No. 318579 | चलानी नं. ६०२३२७८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 2 | 0 | 1200 | ४६,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labour | 3 | 0 | 1200 | ४६,०३० | | | | | | | |
| 3 | Carpenter | 4 | 0 | 1200 | ४६,०३० | | | | | | | |
| 4 | Concrete Masons | 2 | 0 | 1200 | ४६,०३० | | | | | | | |
| 5 | Electrician Assistant | 2 | 0 | 1200 | ४६,०३० | | | | | | | |
| 6 | Electrician. | 2 | 0 | 1200 | ४६,०३० | | | | | | | |
| 7 | Painter | 2 | 0 | 1200 | ४६,०३० | | | | | | | |
| 8 | Scafolder | 2 | 0 | 1200 | ४६,०३० | | | | | | | |
| 9 | STONE MASON | 5 | 0 | 1200 | ४६,०३० | | | | | | | |
| 10 | Tile Layer | 2 | 0 | 1200 | ४६,०३० | | | | | | | |

कम्पनी : BAWABATH ALMADINA TECHNICAL SERVICES EST — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ | LT. No. 318559 | चलानी नं.६०२३२७८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TILE LAYER | 2 | 0 | 1400 | ५३,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | WELDER | 2 | 0 | 1400 | ५३,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ६ गते (18th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEW ALFA HR SERVICES PVT. LTD.
Govt. License No. 1090/073/74
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com

# अमेरिकी स्टिल र एलुमिनियम आयातमा २५ प्रतिशत कर लगाउने ट्रम्पको घोषणा

**वासिङ्टन–** राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार संयुक्त राज्य अमेरिकाले यस हप्ता स्टिल र एलुमिनियम आयातमा २५ प्रतिशत भन्सार लगाउने बताएका छन् । यो उनले घोषणा गरेका व्यापार करहरूको पछिल्लो शृंखला हो । एयर फोर्स वन विमानमा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले सोमबार घोषणा गरिने भन्सार 'संयुक्त राज्य अमेरिकामा आउने कुनै पनि स्टिल' मा लागू हुने र यसले एलुमिनियमलाई पनि प्रभाव पार्ने बताए ।



सन् २०१७-२०२१ को राष्ट्रपति कार्यकालमा अमेरिकी उद्योगको सुरक्षाका लागि ट्रम्पले यस्तै शुल्क लगाएका थिए । यसलाई उनले एसियाली र युरोपेली देशहरूबाट अनुचित प्रतिस्पर्धाको सामना गर्नुपरेको विश्वास गरेका थिए । अमेरिकी व्यापार तथ्यांकअनुसार क्यानाडा संयुक्त राज्य अमेरिकामा स्टिल र एलुमिनियम आयातको सबैभन्दा ठूलो स्रोत हो । ब्राजिल, मेक्सिको र दक्षिण कोरिया पनि देशका प्रमुख स्टिल आपूर्तिकर्ता हुन् । क्यानाडालाई ट्रम्पले पहिले नै भन्सारको धम्की दिइसकेका छन् ।

रिपब्लिकन अर्बपति ट्रम्पले आइतबार अन्य देशहरूले अमेरिकी उत्पादनहरूमा लगाएको दरसँग मिल्नेगरी आफ्नो सरकारको भन्सार बराबर गर्न 'पारस्परिक भन्सार' को घोषणा गर्ने पनि बताए । 'हरेक देशसँग पारस्परिक व्यवहार हुने छ,' ट्रम्पले भने । उनले मंगलबार वा बुधबार भन्सारको बारेमा विस्तृत घोषणा गर्ने बताए ।

राष्ट्रपतिले पदभार सम्हालेलगत्तै प्रमुख व्यापार साझेदार चीन, मेक्सिको र क्यानाडामा भन्सार लगाउने आदेश दिएर संयुक्त राज्य अमेरिकाको वित्तीय शक्तिलाई हतियार बनाउने आफ्नो रुचि देखाएका छन् । क्यानाडा र मेक्सिकोले फेन्टानिल लागुपदार्थको प्रवाह र कागजातविहीन आप्रवासीहरूको संयुक्त राज्य अमेरिकामा प्रवेशलाई रोक्न कडा कदम चाल्ने वाचा गरेपछि ट्रम्पले दुवै मुलुकविरुद्धको २५ प्रतिशत भन्सार एक महिनाका लागि रोके । तर चीनविरुद्धको भन्सार भने अघि बढ्यो । मंगलबारदेखि संयुक्त राज्यमा प्रवेश गर्ने उत्पादनहरूमा १० प्रतिशत अतिरिक्त कर लाग्ने छ ।

बेइजिङले सोमबारदेखि लागू हुनेगरी कोइला र तरलीकृत प्राकृतिक ग्यासजस्ता केही अमेरिकी उत्पादनहरूमा लक्षित भन्सार लगाएर जवाफ दिएको छ । गोल्डम्यान स्याक्सका अनुसार नयाँ चिनियाँ भन्सारले १४ अर्ब डलर मूल्यका अमेरिकी सामानहरू समेट्छ भने ट्रम्पले घोषणा गरेको भन्सारले पाँच खर्ब २५ अर्ब डलर मूल्यका चिनियाँ सामानहरू समेट्छ ।

### स्वर्णिम युग

ट्रम्पले युरोपेली संघ (इयू) मा पनि कर लगाउने वाचा गरेका छन् र उनले चाँडै अनिर्दिष्ट 'पारस्परिक भन्सार' घोषणा गर्ने बताएका छन् । फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोंले आइतबार प्रसारित एक अन्तर्वार्तामा युरोपप्रति गरिएको वित्तीय धम्कीको विषयमा ट्रम्पसँग सीधा मुकावला गर्ने प्रतिज्ञा गरे । यद्यपि उनले संयुक्त राज्य अमेरिकाले युरोपेली संघको सट्टा चीनमाथि आफ्नो प्रयास केन्द्रित गर्नुपर्ने बताए ।

म्याक्रोंले सिएनएनमा युरोपमाथिको कुनै पनि भन्सारको प्रभाव अमेरिकीहरूले महसुस गर्नेछन् भन्दै यसले 'अमेरिकामा लागत बढाउने र मुद्रास्फीति सिर्जना गर्ने' चेतावनी दिए । शुक्रबार जापानी प्रधानमन्त्री शिगेरु इशिबासँगको मैत्रीपूर्ण बैठकमा ट्रम्पले टोकियोलाई जापानसँगको अमेरिकी व्यापार घाटा शून्यमा नझारेसम्म निर्यात गरिएका सामानमा भन्सार लाग्नसक्ने चेतावनी दिए । विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र भएको संयुक्त राज्यको व्यापार घाटा गत वर्ष बढेर करिब नौ खर्ब २० अर्ब डलर पुगेको छ ।

संयुक्त राज्य अमेरिकाका लागि 'नयाँ स्वर्ण युग' को वाचा गरेका ट्रम्पले कुनै पनि शुल्कको प्रभाव अमेरिकी उपभोक्ताहरूलाई नदिई विदेशी निर्यातकर्ताहरूले वहन गर्ने कुरामा जोड दिएका छन् । यद्यपि धेरै विज्ञहरूले यसको विपरीत बताएका छन् । तर यस महिनाको सुरुमा मेक्सिको, क्यानाडा र चीनमाथि भन्सार घोषणा गरेपछि उनले अमेरिकीहरूले आर्थिक 'पीडा' महसुस गर्न सक्ने स्वीकार गरे ।

ट्रम्पले आफ्ना व्यापक नीतिगत लक्ष्यहरू हासिल गर्न भन्सारलाई धम्कीको रूपमा प्रयोग गरेका छन् । सबैभन्दा पछिल्लोपटक उनले कोलम्बियाले निर्वासित आप्रवासीहरू बोकेका अमेरिकी सैन्य विमानहरूलाई फर्काउँदा त्यसमाथि भन्सार लगाउने बताएका थिए । ट्रम्पसँगको एक दिनको टकरावपछि कोलम्बियाली सरकार पछि हटेको थियो । *रासस⁄एएफपी*

## युएस स्टिलमा लगानी गर्ने निप्पोन स्टिलको प्रस्ताव

**टोकियो–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले निप्पोन स्टिलले अमेरिकी स्टिलमा अल्पसंख्यक सेयर लिन दिने संकेत गरेपछि जापान सरकारका उच्च प्रवक्ताले अमेरिकी स्टिलमा लगानी गर्ने प्रयासमा 'साहसिक प्रस्ताव' प्रस्तुत गर्ने बताएका छन् । अमेरिकाका पूर्वराष्ट्रपति जो बाइडेनले राष्ट्रिय सुरक्षाको कारण देखाउँदै गत महिना पद छोड्नुभन्दा केही समयअघि १४ अर्ब ९० करोड अमेरिकी डलरको सम्झौता रोकेका थिए ।

शुक्रबार ह्वाइट हाउसमा इशिबालाई भेटेका ट्रम्पले ती कम्पनीहरूले 'खरिदभन्दा पनि लगानीतर्फ सोच्न' आग्रह गरेका थिए । सन् २०२४ को राष्ट्रपतीय निर्वाचन अभियानका क्रममा अधिग्रहण प्रस्तावको चर्को आलोचना गरेका राष्ट्रपति ट्रम्पले आइतबार कम्पनीमा 'लगानी' गर्न अनुमति दिने बताएका हुन् ।

'युएस स्टिलमा कसैको पनि बहुमत हुन सक्दैन । उनीहरूले अन्य कम्पनीहरू किन्न सक्छन् तर युएस स्टिल होइन,' ट्रम्पले पत्रकार सम्मेलनमा भने । उनले भने, 'लगानी गर्ने र कम्पनी नै किन्ने कुरा फरक हो । उनीहरूलाई यसमा लगानी गर्न अनुमति दिइएको छ ।'

उनले आफ्नो टोलीले निप्पोन स्टिलका अधिकारीहरूसँग 'मध्यस्थता गर्न' सहयोग गर्ने बताए । सोमबार जापानको मन्त्री परिषद्का मुख्यमन्त्री योशिमासा हयाशीले नियमित पत्रकार सम्मेलनमा भने, 'हामीले बुझेका छौं कि निप्पोन स्टिलले युयस स्टिललाई अधिग्रहणका लागिमात्र हेरिरहेको छैन ।'

हयाशीले भने, 'जापानले यो एक 'साहसिक प्रस्ताव'बारे विचार गर्दै छ किनकि यो हामीले विगतमा सम्झौताका लागि तयार भएको भन्दा विल्कुलै फरक छ । यसले संयुक्त राज्य अमेरिका र बाँकी विश्वले चाहेका उत्कृष्ट उत्पादनहरू उत्पादन गर्ने छ र अमेरिका र जापान दुवैको हित र जितको स्थिति सिर्जना गर्ने छ।'

मुख्यमन्त्री हयाशीले प्रस्तावबारे विस्तृत विवरण भने दिएका छैनन् । निप्पोन स्टिलले ट्रम्पको भनाइबारे तत्काल प्रतिक्रिया जनाउन अस्वीकार गरेको छ । *रासस⁄एएफपी*

# चीनमा विवाहको संख्या २० प्रतिशतले घट्यो

**बेइजिङ–** निरन्तर जनसांख्यिकीय चुनौतीको पछिल्लो संकेतलाई पछ्याउँदै गत वर्ष चीनमा विवाहमा २० प्रतिशतको गिरावट देखिएको सरकारी तथ्यांकले देखाएको छ । बेइजिङले युवा परिवारहरूको लागि अनिश्चित आर्थिक दृष्टिकोणसहित जन्मदर वृद्धिलाई प्रोत्साहित गर्न काम गरिरहेको छ ।



सन् २०२४ मा ६१ लाख दम्पतीले विवाहका लागि दर्ता गराएका र यो अघिल्लो वर्षको तुलनामा ७७ लाखले कम हो । सन् २०२३ मा विश्वको सबैभन्दा बढी जनसंख्या भएको देशको रूपमा रहेको चीनलाई भारतले उछिनेको । सन् २०२३ मा चीनको कूल जनसंख्या लगातार तेस्रो वर्ष २०.५ प्रतिशतले घटेको थियो ।

चीनको एक अर्ब ४० करोड जनसंख्या अहिले तीव्र गतिमा बूढचौली जनसंख्या हुँदै गएको छ र गत वर्षको अन्त्यसम्ममा चीनमा ६० वर्ष वा सोभन्दा माथिको जनसंख्या करिब एक चौथाइ रहेको छ । जनसांख्यिकीय प्रवृत्तिहरूले देशका अधिकारीहरूका लागि नयाँ चुनौतीहरू प्रस्तुत गर्दछ । यसले लामो समयदेखि आर्थिक विकासको चालकको रूपमा आफ्नो विशाल कार्यबलमा भरोसा गरेको छ ।

हालैका वर्षहरूमा बेइजिङले सुरु गरेको परिवारसमर्थक अभियानको बावजुद विवाहमा गिरावट आएको छ। अभियानमा विभिन्न अनुदानहरू र सन्देशमार्फत मानिसहरूलाई धेरै (दुई वा सो भन्दा बढी) बच्चा जन्माउन प्रोत्साहित गर्दछ । तर विशेषज्ञहरूका अनुसार विशेषगरी शिक्षा र बच्चाको हेरचाहका लागि हुने उच्च लागत र नयाँ स्नातकहरूको पर्खाइमा चुनौतीपूर्ण रोजगार बजार आमाबाबुलाई धेरै बच्चा बनाउन निरुत्साहित गर्ने कारकहरूमध्ये एक हो ।

चिनियाँ 'माइक्रोब्लगिङ साइट (वेइबो' का एक सेवाग्राहीले भने, 'यदि म आफ्ना आमाबाबुमा भर पर्दिनँ भने म घर किन्न सक्दिनँ र विवाह गर्नु पनि ठूलो खर्च लाग्छ । यो वर्ष मलाई अचानक महसुस भयो कि अविवाहित हुनु पनि धेरै राम्रो छ । त्यति धेरै दबाब छैन, म कमाउँछु र आफ्नै पैसा खर्च गर्छु ।' सन् १९८० को दशकमा जनसंख्या वृद्धि उच्च बनेपछि बेइजिङले 'एक सन्तान नीति' लागू गरेको थियो । यो नियम सन् २०१६ मा मात्र अन्त्य भएको हो । दम्पतीलाई सन् २०२१ मा तीन सन्तान जन्माउन अनुमति दिइएको थियो तर चीनको जनसांख्यिकीय परिवर्तनको संकेत देखिन थालिसकेको थियो । *रासस⁄एएफपी*

# जनवरीमा घट्यो दक्षिण कोरियाको बेरोजगार दाबी

**सियोल–** दक्षिण कोरियाको व्यापार सेवा, स्वास्थ्य तथा कल्याण र सार्वजनिक प्रशासन क्षेत्रमा कम माग आएसँगै गत महिनाको बेरोजगारीको दाबिमा कमी आएको सरकारी तथ्यांकले सोमबार देखाएको छ ।

रोजगार तथा श्रम मन्त्रालयका अनुसार गत वर्षको सोही महिनाको तुलनामा रोजगारीका लागि नयाँ आवेदन दिनेको संख्या ७.९ प्रतिशतले घटेर जनवरीमा रोजगारीका लागि नयाँ आवेदन दिनेको संख्या एक लाख ८६ हजार पुगेको छ ।

गत वर्ष रोजगारीका लागि नयाँ आवेदन दिनेको संख्या अक्टोबरमा १२.४ प्रतिशत, नोभेम्बरमा २.२ प्रतिशत र डिसेम्बरमा ९.० प्रतिशतले वृद्धि भएको थियो । व्यावसायिक, स्वास्थ्य तथा कल्याण र सार्वजनिक प्रशासन क्षेत्रमा आवेदकहरूको कमी आएको तर निर्माण उद्योगमा यो दरमा सामान्य वृद्धि भएको छ । दक्षिण कोरियामा बेरोजगारहरूलाई रोजगारी खोज्न मद्दत गर्न सरकारले सहयोग प्रदान गर्छ र यो राज्यको रोजगार बिमा कोषद्वारा वित्त पोषित छ । जनवरीमा रोजगारीको लाभ प्राप्त गर्नेहरूको संख्या कूल छ लाख रहेको थियो र यो अघिल्लो वर्षको तुलनामा २.३ प्रतिशतले कम हो ।

रोजगारीको खोजीमा रहेका व्यक्तिहरूको कूल भुक्तानी ३.८ प्रतिशतले बढेर ९७४.७ बिलियन वोन (६७०.१ मिलियन अमेरिकी डलर) पुगेको छ । *रासस⁄सिन्ह्वा*

# बंगलादेशमा 'अपरेसन डेभिल हन्ट' नामक कारबाही, १३०० जना पक्राउ

**ढाका–** पूर्वप्रधानमन्त्री शेख हसिनाको शासनसँग सम्बन्धित गिरोहलाई लक्षित गरी गरेको 'अपरेसन डेभिल हन्ट' नामक व्यापक कारबाहीमा एक हजार ३०० भन्दा बढी व्यक्तिलाई पक्राउ गरिएको बंगलादेशी प्रहरीले सोमबार जनाएको छ । सन् २०२४ को अगस्टमा विद्यार्थी नेतृत्वको क्रान्तिमा हसिनालाई सत्ताच्युत गरिएपछि सत्ता सम्हालेको अन्तरिम सरकारमा गृह मन्त्रालयका प्रमुख जहाँगीर आलम चौधरीले 'सैतानलाई जरैदेखि उखेलेर नफाल्दासम्म' यो अभियान जारी रहने बताएका छन् ।

प्रहरी प्रवक्ता इनामुल हक सागरले भने, 'शनिबार सुरु भएको अभियानबाट देशभर एक हजार ३०८ जनालाई पक्राउ गरिएको छ । अभियान अझै जारी छ । फेब्रुअरी महिनाको सुरुमा हसिना नेतृत्वको विपक्षी दल आवामी लिगको नेतृत्वमा व्यापक आन्दोलनको घोषणा भएपछि सुरक्षा कारबाही सुरु गरिएको हो । ढाकास्थित प्रधानमन्त्रीको कार्यालयमा भीडले आक्रमण गरेपछि पूर्व प्रधानमन्त्री त्यहाँबाट हेलिकप्टरमार्फत भागेर भारत गएकी थिइन् । कार्यालयमा आक्रमण भएको छ महिनापछि फेब्रुअरी ५ मा प्रदर्शनकारीहरूले एक्स्काभेटरको प्रयोग गरी उनको परिवारसँग सम्बन्धित भवनहरू भत्काएका थिए ।

मानवताविरुद्धको अपराधको सामना गर्न पक्राउ पुर्जीको अवज्ञा गरेकी ७७ वर्षीया हसिना छिमेकी मुलुक भारतमा निर्वासनबाट फेसबुकमार्फत नेता तथा कार्यकर्तासँग संवाद गर्ने समाचारपछि सरकारले आवामी लिगका नेता, समर्थक र कार्यकर्तामाथि व्यापक धरपकड सुरु गरेको थियो । अभियानको नाममा हसीनाका स्वर्गीय पिता, बंगलादेशका प्रथम राष्ट्रपति शेख मुजिबुर रहमानको संग्रहालय र पूर्वघरसमेत रहेका भवनहरू ध्वस्त भएपछि नागरिक अधिकारकर्मीको एक समूहले यसको निन्दा गरेको छ ।

हसिना विरोधी प्रदर्शनकारी र उनको अवामी लिग पार्टीका सदस्यहरूबीच पनि झडप भएको थियो । अन्तरिम सरकारले हिंसात्मक गतिविधिका लागि हसिनालाई दोषी ठहराइएको छ । शुक्रबार अन्तरिम नेता तथा नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसले शान्तिका लागि अपिल गरेका छन् । नेता युनुसको अपिल सार्वजनिक भएको केही घण्टापछि ढाकास्थित गाजीपुर जिल्लामा हसिनाविरुद्ध विद्रोह चर्काउने समूह स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसनका सदस्यहरूमाथि आक्रमण भएको थियो । त्यसपछि सरकारी क्याबिनेटमा रहेका मुखर र शक्तिशाली समूहले कारबाहीको माग गरेका थिए ।

सरकारले 'निरंकुश शासनसँग सम्बन्धित गिरोहले विद्यार्थीहरूको एक समूहमाथि आक्रमण गरेको र उनीहरू गम्भीर घाइते भएपछि कारबाही सुरु गरिएको' बताएको छ । यो अभियानले चिन्ता बढाएको छ । युनुसका प्रेस सल्लाहकार शफिकुल आलमले भने, 'सरकारले विशेष कमान्ड सेन्टर टोलीलाई कानुन कार्यान्वयन गर्ने निकायको प्रयासको निरीक्षण गर्न जिम्मा दिएको छ ।' तर सर्वोच्च अदालतका वकिल स्नेहद्री चक्रवर्तीले यस अभियानलाई 'बेकारको लफडा' भन्दै आलोचना गरेका छन् । उनले सामूहिक गिरफ्तारीले मुख्य समस्यालाई सम्बोधन नगरी 'निर्दोष मानिसहरू'लाई सफा गर्ने खतरा रहेको बताएका छन् । *रासस⁄एएफपी*


## कृष्णपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८१/१०/२९**

यस नगरपालिकाबाट बिभिन्न मितिमा प्रकाशित तपशीलको कार्य गर्ने सूचना वमोजिम दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकन हुँदा न्युनतम् मुल्यांकित सारभुत रूपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम ठहरी स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ प्रयोजनका लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक रू. कर तथा पी.एस. सहीत |
|---|---|---|---|
| 22-RBT-2081/082 | पिरे खत्रीको घर देखी ग्वासी समैजि सा.ब., हरियाली सा.ब. किनारा बडु टोल हुदै महाकाली स्कुल कृषी सडक जोडने रिंग रोड कालोपत्रे, वडा नं.-४ | श्री आरभ निर्माण सेवा, कृष्णपुर-५ गुलरिया कञ्चनपुर | ८६,३५,६६७।९२ |
| 25-RBT-2081/082 | चम्मन चौराह हुदै रताशी पिपरिया हुदै जोरायल टोल पांग्रेबजार सडक कालोपत्रे वडा नं.-७ | श्री आरभ निर्माण सेवा, कृष्णपुर-५ गुलरिया कञ्चनपुर | ७७,१६,४२५।४१ |
| 26-RBT-2081/082 | चपरतला पिपरिया सडक वडा नं.-८ र ९ | श्री रानादेब कन्स्ट्रक्सन, धनगढी उप म.न.पा.-१३ कैलाली | ८६,११,६४५।७८ |

अन्य सबै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाबाट जानकारी गराइएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६९६०० | प्रति तोला - ० | प्रति तोला - १९७५ |



**केराको थामको सदुपयोग** | तनहुँको शुक्लागण्डकी नगरपालिका-२ मा आयोजित कार्यक्रममा केराको थामबाट सामग्री बनाउँदै महिला। सामाजिक विकास कार्यालयले यहाँका महिलालाई केराको थामबाट विभिन्न सामग्री बनाउने सीप सिकाएको छ।

*तस्बिरः कृष्ण न्यौपाने/रासस*

# बिपी राजमार्ग पुनर्निर्माण गर्न स्रोत जुटाउँदै सरकार

■ राजकुमार पराजुली

**काभ्रेपलाञ्चोक–** सरकार क्षतिग्रस्त बिपी राजमार्ग पुनर्निर्माणका लागि स्रोत जुटाउन लागेको छ। गत असोज दोस्रो साताको बाढीपहिरोबाट क्षतिग्रस्त राजमार्ग पुनर्निर्माणका लागि सरकार स्रोत जुटाउन लागिपरेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ।

मन्त्रालयले सडक कुन मोडालिटीमा कसरी पुनर्निर्माण गर्ने भन्ने विषयमा निक्र्योल गर्न निरीक्षण गरेको छ। भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, मन्त्रालयका सचिव केशवकुमार शर्मा तथा डिभिजन सडक कार्यालय भक्तपुरको टोलीले शनिबार क्षतिग्रस्त सडकको अनुगमन गरेको छ।

सडक अनुगमनमा क्रममा मन्त्री दाहालले करिब एक हप्तामा सडक पुनर्निर्माणका लागि स्रोत सुनिश्चितता हुने बताए। 'करिब एक हप्तामा सरकारले क्षतिग्रस्त सडक पुनर्निर्माणको स्रोत सुनिश्चितता गर्छ, त्यसपछि प्रक्रियामा लाग्नेछौं,' दाहालको भनाइ उद्धृत गर्दै कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले भने।

योगेशका अनुसार एक हप्तामा क्षतिग्रस्त सडक पुनर्निर्माणको स्रोत सुनिश्चितता भए प्रक्रियागत रूपमा अघि बढ्दा आउँदा वैशाखसम्म ठेक्का लगाइ स्थायी पुनर्निर्माण थालिने छ। त्यसअघि हाल बगरमा गरिएको डाइभर्सन तथा सडकको पुरानै स्थानलाई अवस्था हेरी दुईदेखि तीन मिटरसम्म उचाइ बनाउने तथा अप्ठ्यारो भएको स्थानमा जाली भरेर उचाइ बनाउन सकिने छलफल भएको योगेशले बताए। उनले भने, 'कुनै अवरोध नभए वैशाखदेखि पुनर्निर्माण सुरू हुन्छ, अन्यथा वर्षामा गाडी सञ्चालन गर्न अस्थायीरूपमा भए पनि सडकलाई उचाइ गर्नुपर्ने देखिएको हो।'

कार्यालयद्वारा गत पुसमा गरिएको अध्ययनले क्षतिग्रस्त सडक पुनर्निर्माण गर्न करिब साढे नौ अर्ब रूपैयाँ लाग्ने देखाएको थियो। प्रारम्भिक अध्ययनअनुसार बिपी राजमार्गअन्तर्गत भकुण्डेदेखि नेपाल थोकसम्मको विभिन्न स्थानमा पुनर्निर्माण गर्न नौ अर्ब ६६ करोड रूपैयाँ लाग्ने अनुमान गरिएको छ। उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्धस्थित चौकीडाँडादेखि रोशी गाउँपालिकाको कालढुंगासम्म १२ किलोमिटर सडकखण्डमध्ये आठ किलोमिटर सडकखण्ड पूर्णरूपमा क्षति पुगेको थियो।

योगेशका अनुसार उक्त सडकमा तीन किसिमका वाल (आरसिसी रिटेनिङ, प्लम र गेभिएन) लगाउनुपर्ने अध्ययनबाट देखिएको छ। 'अध्ययनबाट केही स्थानमा पहिला पुल बनाउनुपर्ने देखिए पनि पुल बनाउने कि, वाल लगाउने भन्नेबारे थप छलफलपछि निष्कर्ष निस्कने छ,' इञ्जिनियर योगेशले भने। उनका अनुसार खोला आउनसक्ने ठाउँमा आरसिसी



पर्खाल (वाल) लगाउनुपर्ने देखिएको छ भने कतै प्लम वाल र कतै गेभिएन वाल लगाउनुपर्ने अध्ययनले देखाएको हो। पुनर्निर्मित सडकमा आसपाल्ट कंक्रिटसहित दुई लेनको सडक हुने योगेशले बताए। यसअघि 'इन्टरमिडियट लेन' को सडक थियो।

उक्त राजमार्ग पुनर्निर्माणका लागि प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोज ३० गते नेपालका लागि जापानका राजदूत किकुता युताकासँग सहयोगबारे छलफल गरेका थिए। मन्त्रालयले जाइकासँग उक्त सडकखण्ड पुनर्निर्माणका लागि सहयोगको प्रस्ताव गरिसकेको छ। मन्त्रालय जाइकाको प्रतिवेदन र जवाफको पर्खाइमा रहेको बताइन्छ। शर्माका अनुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् व्यवस्थापन कोषमा रहेको बजेट माग गर्नेसमेत तयारी भइरहेको छ।

यस्तै दातृ निकायहरू एसियाली विकास बैंक (एडिबी) र विश्व बैंकको सहुलियतपूर्ण ऋण लिएर भए पनि राजमार्गको पुनर्निर्माणको तयारीमा मन्त्रालय रहेको जनाइयो। पुनर्निर्माणका लागि स्रोत सुनिश्चितता लम्बिए आउने वर्षको वर्षामा यातायात सञ्चालनमा निकै कठिनाइ बेहोर्नुपर्ने योगेशले बताए। उनले भने, 'हाल स्रोत सुनिश्चितता भएको भए काम सुरू गर्थ्यौं, अब ढिला भयो भने वर्षाभरि यातायात सञ्चालन नहुन सक्छ।' उनका अनुसार पूर्णरूपमा सडक पुनर्निर्माण गर्न कम्तीमा पनि दुई वर्ष लाग्ने अध्ययनले देखाएको छ।

राजमार्गको भत्किएको खण्ड पुनर्निर्माणका विषयमा जापान सरकारले सहयोग गर्ने संकेत देखिएको छ। जापानको अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले पनि कात्तिक दोस्रो सातामा क्षतिग्रस्त सडकको अध्ययन गरिसकेको छ। यद्यपि, जाइकाले यस विषयमा कुनै हालसम्म प्रतिवेदन प्रस्तुत गरेको छैन। तर, जाइकाको प्रतिनिधिसँग मन्त्रालय तथा डिभिजन सडकका अधिकारीसँगको छलफलमा भने एक दुई स्थानमा जाइकाले क्षगिग्रस्त सडकको पुनर्निर्माण गर्ने संकेत दिएको योगेशले जानकारी दिए। उनले भने, 'नेपालस्थित जाइकाको अधिकारीसँग औपचारिकरूपमा भएका छलफलमा क्षतिग्रस्त सबै सडक पुनर्निर्माण नभए पनि एक/दुई स्थानमा पुनर्निर्माण गर्ने संकेत दिइएको छ।'

जापानका सम्राटको ६५औं शुभजन्मोत्सव तथा जापानको राष्ट्रिय दिवसका अवसरमा नेपालका लागि जापानका नवनियुक्त राजदूत माएदा तोरूले ताहाचलस्थित आफ्नो सरकारी निवासमा आयोजित समारोहमा नेपाल-जापान सम्बन्धका विविध पक्षबारे चर्चा गर्दै अघिल्लो वर्षायाममा आएको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्ग मर्मतका लागि जापानले पहल गर्ने बताएका थिए।

बिपी रानमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास) अन्तर्गत काभ्रेपलाञ्चोकको चौकीडाँडादेखि सिन्धुलीको वर्खेखोलासम्मको सडकखण्डको अधिकांश सडक क्षतिग्रस्त अवस्थामा छ। बाढीपहिरोले अवरूद्ध राजमार्ग दुई हप्तापछि सञ्चालनमा ल्याइएको उक्त राजमार्ग संघीय राजधानी काठमाडौंलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा रहेको उक्त राजमार्ग कतै एकतर्फी तथा कतै दुईतर्फी हुनेगरी सञ्चालनमा ल्याइएको हो।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किलोमिटर सडक) निर्माण कार्य सुरू गरिएको थियो। खण्डखण्ड विभाजन गरी २०७२ असार १८ गते निर्माण सम्पन्न गरी औपचारिकरूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो।

तत्कालीन अवस्थामा २६ बिलियन जापानी येन र नेपाल सरकारको १.१ बिलियन (जापानी येन) लागतमा उक्त राजमार्ग निर्माण भएको थियो। जाइकाद्वारा निर्मित उक्त राजमार्ग सडक निर्माण गर्दा प्रतिकिलोमिटर ३५ करोड रूपैयाँ लागत थियो। उक्त रकम हालको हिसाबमा प्रतिकिलोमिटर ५० करोड रूपैयाँभन्दा माथि पर्ने छ। *रासस*

# नेपाल-भारत अन्तरदेशीय प्रसारणलाइन निर्माणको 'मोडालिटी' तयार गरिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल, भारत र बंगलादेशबीच अन्तरदेशीय प्रसारणलाइन निर्माणको 'मोडालिटी' तय गरिने भएको छ। नेपालबाट भारत र बंगलादेशमा सन् २०३५ सम्म १५ हजार मेगावाट विद्युत् निर्यातका लागि आवश्यक प्रसारणलाइन निर्माणका लागि भारतको नयाँदिल्लीमा नेपाल र भारतबीच सचिवस्तरीय बैठकमार्फत मोडालिटी तय गर्न लागिएको हो।

नेपाल र भारतबीच आज (मंगलबार) हुने सचिवस्तरीय बैठकमा भाग लिन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यसहितको टोली सोमबार नयाँदिल्ली प्रस्थान गरेको छ। दुई देशको सचिवस्तरीय वार्ता र सहमतिपछि प्रसारणलाइन निर्माणको प्रक्रिया अगाडि बढाइने छ।

यही माघ ९ गते नेपाल र भारत ऊर्जा सहसचिवस्तरीय कार्यदलको १२औं बैठकमा अन्तरदेशीय प्रसारणलाइन निर्माण र विद्युत् आयात तथा निर्यातलाई थप सहज बनाउने सहमति भएको थियो। सोही सहमति दुई देशबीचका सचिवस्तरीय बैठकले अनुमोदन गरेपछि कार्यान्वयनमा आउने मन्त्रालयका प्रवक्ता सन्दीपकुमार देवले जानकारी दिए।

उक्त बैठकमा नेपाल र भारतबीचको मौजुदा विद्युत् प्रसारणलाइनहरू, निर्माणाधीन तथा प्रस्तावित अन्तरदेशीय प्रसारणलाइनहरू, भारतीय लगानीका विभिन्न जलविद्युत् आयोजनाहरू तथा सम्बद्ध प्रसारणलाइन आयोजना र अन्तरदेशीय विद्युत् आयात-निर्यातका विषयमा छलफल भएको थियो।

नेपालको इनरूवादेखि भारतको पूर्णिया र नेपालको दोदोधारादेखि भारतको बरेलीसम्म ४०० केभीका दुई प्रसारणलाइन निर्माण कार्य सन् २०३० सम्म सम्पन्न गर्ने सहमति भएको छ। उक्त प्रसारणलाइन नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेसन लिमिटेडको सेयर स्वामित्व रहनेगरी दुवैतर्फ संयुक्त कम्पनी स्थापना हुने छ।

दुई देशबीचको सम्झौतापछि नेपालतर्फ रहने संयुक्त कम्पनीमा नेपालको ५१ प्रतिशत र भारततर्फ रहने कम्पनीमा भारतको ५१ प्रतिशत सेयर स्वामित्व रहने छ। दुवैतर्फका कम्पनीमा बाँकी ४९ प्रतिशत सेयर स्वामित्व अर्को देशको रहने व्यवस्था हुने छ।

यसैगरी, चमेलिया-जौलजीवी २२० केभी डबल सर्किट प्रसारणलाइनको डिपिआर सन् २०२५ सम्म सम्पन्न गरिने सहमति भएको छ। यस्तै, ढल्केवर-मुजफ्फरपुर प्रसारणलाइनको क्षमता ८०० मेगावाटबाट बढाएर एक हजार मेगावाट पुऱ्याउने बताइएको छ। यस्तै सन् २०३५ सम्ममा ४०० केभीका निजगढ-मोतिहारी र कोहलपुर-लखनऊ प्रसारणलाइन निर्माण सम्पन्न गरिने सहमति भएको छ। उक्त सहमतिलाई दुई देशबीचको सचिवस्तरीय बैठकले अनुमोदन गर्ने छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सन् २०३५ सम्म १५ हजार विद्युत् विदेशमा निर्यात गर्न सरकारले राखेको लक्ष्य पूरा गर्न यस्ता प्रसारणलाइन निर्माण सम्झौताले ठूलो सहयोग पुग्ने बताए। आगामी दिनमा थप विद्युत् निर्यात गर्नेगरी अन्तरदेशीय प्रसारणलाइनको संरचना बनाउँदै अगाडि बढ्नुपर्ने उनको भनाइ थियो। यसअघि नेपाल र भारतबीच १० वर्षमा १० हजार मेगावाट निर्यातका लागि दीर्घकालीन विद्युत् व्यापार सम्झौता भएको छ भने बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात सुरू भइसकेको छ।

# सुरक्षित कारोबार पहिलो संशोधन विधेयक पारित

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाबाट सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८१ सर्वसम्मत पारित भएको छ। सभाको सोमबारको बैठकमा उक्त विधेयक सर्वसम्मत पारित भएको सभामुख देवराज घिमिरेले घोषणा गरे।

उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सभामुख घिमिरेको अनुमतिमा उक्त विधेयक पारित गर्न प्रस्ताव पेस गरेका थिए। उनले यस विधेयक कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको सदनलाई जानकारी दिए। सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८१ का सम्बन्धमा अर्थ समितिको प्रतिवेदन १ र २ मा उल्लिखित संशोधनहरू सर्वसम्मत स्वीकृत भएको हो।

सभामुख घिमिरेले अर्थ समितिको प्रतिवदेनमा क्रम संख्या १ र २ मा उल्लिखित संशोधन विधेयकको अंग बनेको घोषणा गर्दै विधेयकको २ देखि ४५ सम्म सुरक्षित कारोबार पहिलो संशोधन विधेयक, २०८१ को अंग बनेको जानकारी गराए।

अर्थमन्त्री पौडेलले भने, 'प्रस्तावित विधेयकमा भएका व्यवस्थाहरूको कार्यान्वयनबाट चल सम्पत्तिको धितोमा हुने कारोबार सुरक्षित र व्यवस्थित भइ चल सम्पत्ति उपरको दायित्व परिपालना हुने र यसले चल सम्पत्तिको धितोमा हुने आर्थिक क्रियाकलाप बढोत्तरी हुने अपेक्षा लिइएको छ।'

सोमबार नै प्रतिनिधिसभामा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त प्रतिवेदन पेस गरिएको छ। उपसभामुख इन्दिरा रानाको अनुमतिमा प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले उक्त प्रतिवेदन सदनसमक्ष पेस गरेका हुन्।

# म्याग्दीमा सुन्तला उत्पादन २५ प्रतिशतले बढ्यो

**म्याग्दी–** म्याग्दीमा यस वर्ष सुन्तला उत्पादन करिब २५ प्रतिशतले वृद्धि भएको छ। सुन्तला म्याग्दीमा बिक्री हुने प्रमुख कृषि उपज हो।

गत वर्षको तुलनामा यसपालि सुन्तला उत्पादन २४.७० प्रतिशतले वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ। केन्द्रका प्रमुख सञ्जिव बाँस्तोलाले नयाँ बगैंचा विस्तार, अनुकूल मौसम र रोग कीराको समस्या नियन्त्रण भएकाले सुन्तलाको उत्पादन बढेको बताए।

'गत वर्ष तीन हजार ६०० मेट्रिकटन सुन्तला उत्पादन भएको म्याग्दीमा यो वर्ष चार हजार ७८१ मेट्रिकटन उत्पादन भएको छ,' उनले भने 'म्याग्दीका कृषकले यसवर्ष ३३ करोड ४६ लाख रूपैयाँ मूल्य बराबरको सुन्तला बिक्री गरेका छन्।'

सरदर प्रतिकिलो ७० रूपैयाँका दरले सुन्तला बिक्री भएको छ। यस वर्ष प्रतिहेक्टर ११.२५ मेट्रिकटनका दरले सुन्तला उत्पादन भएको केन्द्रका



प्रमुख बाँस्तोलाले बताए। गत वर्ष प्रतिहेक्टर ८.६ मेट्रिकटनका दरले सुन्तला उत्पादन भएको थियो।

जिल्लाभर ८१० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती भएकामा ४२५ हेक्टरमा फल लाग्ने गरेको कृषि ज्ञान केन्द्रको तथ्यांक छ। गत वर्ष २४ करोड रूपैयाँ मूल्यबराबरको सुन्तला बिक्री भएको थियो। कृषि ज्ञान केन्द्रका प्राविधिकहरूले 'क्रप कटिङ' विधिबाट सुन्तलाको उत्पादनको अवस्थाको बारेमा उत्पादनको अवस्था पहिचान गरेका हुन्। उत्पादन दिने बोट थपिएको र मौसमले साथ दिएकाले सुन्तला उत्पादन बढेको मंगला गाउँपालिका-३ दहका कृष्णलाल सापकोटाले बताए।

राखु, मरेक, सुर्केमेला, बरंजा, भेडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा २०० भन्दा बढी सुन्तला बगैंचा छन्। जिल्ला सदरमुकाम बेनीका साथै राजधानी काठमाडौं, पोखरा, मुग्लिन लगायतका बजारमा सुन्तला बिक्री हुने गरेको छ। यातायात सुविधा भएकाले व्यापारी सुन्तला किन्न गाडी लिएर बगैंचामै आउने गरेका छन्।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि ज्ञान केन्द्र र स्थानीय तहको कृषि शाखाले सुन्तलाका बिरुवा वितरण, प्राविधिक तालिम, बगैंचा व्यवस्थापन, साना सिँचाइ र बजारीकरणमा सहयोग गर्दै आएका छन्। यस वर्ष ४०० रोपनीमा सुन्तला बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन र थप ४० रोपनीमा खेती विस्तार गर्ने कार्यक्रम रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ। *रासस*

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ